# अनिवार्य नेपाली

## नयाँ पाठ्यक्रम

कक्षा : ११

पूर्णाङ्क : १००
उत्तीर्णाङ्क : ३५

पाठ्य विषयवस्तु

| क्र. सं. | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | पाठ्य भार |
|---|---|---|---|---|---|
| १. | कविता<br>नेपाली हामी रहौँला कहाँ नेपालै नरहे<br>*माधव घिमिरे* | अ) नेपाली वर्ण (कथ्य र लेख्य) को पहिचान<br>आ) (क) स्वर (ख) व्यञ्जन उच्चार्य व्यञ्जन वर्णको वर्गीकरण (स्थान,प्रयत्न, घोषत्व र प्राणत्व) | सामाजिक विषय (भाषा, जाति र संस्कृति) सम्बन्धी अनुच्छेदको बोध | - कविताको भावार्थ लेखन<br>- सामाजिक सांस्कृतिक विषयमा अनुच्छेद लेखन | ७ |
| २. | कथा<br>छिमेकी<br>गुरुप्रसाद मैनाली | अ) नेपाली अक्षरको पहिचान<br>आ) नेपाली अक्षरका प्रकार (स्व, स्वव्य, व्यस्व, व्यस्वव्य व्यव्यस्व व्यव्यस्वव्य, व्यव्यव्यस्व)<br>इ) शब्दलाई अक्षरमा विभाजन | वातावरण र स्वास्थ्यसम्बन्धी अनुच्छेदको बोध (प्रदूषण र मानवस्वास्थ्य विषयक) (अनुच्छेदको पठन वियवस्तु तथा भाषा बोध) | - कथासार लेखन | ७ |
| ३. | निबन्ध<br>आइमाई साथी<br>*श्यामप्रसाद शर्मा* | अ) तत्सम र आगन्तुक शब्दको वर्ण विन्यासका प्रमुख समस्याक्षेत्र र त्रुटि हरूको पहिचान तथा निराकरण<br>आ) शब्दवर्ग : नाम, सर्वनाम, विशेषण र क्रियाको पहिचान<br>इ) भाषिक त्रुटि निराकरणमा शब्द कोशको प्रयोग र अभ्यास | निबन्धको अनुच्छेदबाट बोध र बुँदाटिपोट | -लैङ्गिक समता सम्बन्धी अनुच्छेद लेखन | ८ |
| ४. | कथा<br>मधुमालतीको कथा<br>*रमेश विकल* | अ) लेख्य चिह्न र तिनको प्रयोग : पूर्णविराम, अर्धविराम, अल्पविराम, कोष्ठ, विकल्पबोधक, प्रश्नविराम, उद्गार, उद्धरण, विस्मयसूचक, निर्देशक र योजक चिह्नको पहिचान र प्रयोग<br>आ) शब्दवर्ग : नामयोगी, क्रियायोगी, संयोजक विस्मयादिबोधक र निपातको पहिचान | भूगोलसम्बन्धी अनुच्छेदको बोध र बुँदाटिपोट | - पात्रको परिचय लेखन<br>- अनुच्छेदमा चिह्न प्रयोग | ८ |
| ५. | निबन्ध<br>भलाद्मी<br>*लक्ष्मीप्रसाद देवकोटा* | नेपाली शब्दको पहिचान, प्रकार र कार्य<br>अ) शब्दको पहिचान<br>आ) शब्दको प्रकार<br>क) स्रोतको आधार-तत्सम, तद्भव (अनुकरणत्मक समेत) र आगन्तुक<br>ख) संरचनाको आधार-मूल र व्युत्पन्न<br>ग) रुपायनको आधार (विकारी र अविकारी) | निबंधको मूल विचार र आशयको बोध | - निबन्धको मूल भाव/विचारको प्रस्तुति<br>- निबन्ध लेखन (सामाजिक, सांस्कृतिक विषयमा आधारित) | ७ |

Question Bank Nepal

| क्र. सं. | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | पाठ्य भार |
|---|---|---|---|---|---|
| ६. | **कविता**<br>**हर्कबहादुर**<br>*दिनेश अधिकारी* | क) उपसर्गद्वारा शब्द निर्माण :<br>अ) अ, अन, कु, बि, बे, बद, गैर, ना<br>आ) अ, अन्, अधि, अनु, अभि, अति, दु, दुर, दुस, नि, निः, निर, निस्; परा,परि, प्र, प्रति, वि, सम्, सु,<br>ख) द्वित्व प्रक्रियाद्वारा शब्द निर्माण पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व शब्द निर्माण | शिक्षासम्बन्धी अनुच्छेदको बोध | निर्धारित अनुच्छेदको सङ्क्षेपीकरण | १० |
| ७. | **उपन्यास**<br>**एक चिहान**<br>*हृदयचन्द्र सिंह प्रधान* | क) प्रत्ययद्वारा शब्द निर्माण :<br>अ) अक्कड, अत, अन्त, आली, आलु, आइँ/याइँ, आउ, आवट, आहा/याहा, इया,<br>आ) यार,इलो, ई, उवा,ए, एली, ओ, ओट, औली / यौली, ती,पन/पना, ली ले<br>इ) अक, अत, अनीय, इक, इत, ई, ईन/ईण, ईय, क, तर, तम, तव्य, ता, ति, त्व, मय, मान, वान, य<br>ख) समास, अव्ययीभाव, तत्पुरुष, कर्मधारय, द्विगु (विग्रह र समास दुवै) (उपन्यासको अंशबाट प्रत्यय लागेका व्युत्पन्न शब्दको खोजी गरी थप शब्द निर्माण तथा निर्धारित अंश र अनुच्छेदबाट समस्त शब्दको खोजी) | निर्धारित अंशबाट बुँदाटिपोट र सङ्क्षेपीकरण | पात्र परिचय लेखन | १० |
| ८. | **निबन्ध**<br>**म फूल लिएर आउनेछु**<br>*सुधा त्रिपाठी* | क) समास प्रक्रियाद्वारा शब्द निर्माण :<br>– द्वन्द्व र बहुव्रीहि समास (विग्रह समेत)<br>ख) सन्धि र सन्धि भएका शब्दको पहिचान<br>ग) वाक्यको पहिचान र प्रयोग<br>- उद्देश्य र उद्देश्य विस्तार<br>- विधेय र विधेय विस्तार<br>- क्रियाका काल (भूत, अभूत)<br>- पक्षः सामान्य, अपूर्ण पूर्ण, अज्ञात अभ्यस्त<br>- क्रियाका भावः सामान्य आज्ञा, इच्छा, संभावना र संकेत | निर्धारित अंशको पठन र विषयबोध (निर्धारित अंशको अनुच्छेदबाट बुँदाटिपोट गरी संक्षेपीकरण) | - सरल वाक्य – (उद्देश्य, उद्देश्य विस्तार, विधेय, विधेय विस्तार भएका) मा कुनै विषयवस्तु, घटना आदिको वर्णन<br>- विभिन्न काल र पक्षको प्रयोग गरी अनुच्छेद लेखन<br>- विभिन्न भावका क्रियाको प्रयोग गरी अनुच्छेद लेखन। | १० |
| ९. | **कविता**<br>**मानुषी**<br>*पारिजात* | पदक्रम<br>क) सामान्य पदक्रम<br>ख) विशिष्ट पदक्रम<br>(कविताका पङ्क्तिबाट सामान्य र विशिष्ट पदक्रमको अध्ययन) | वाणिज्य क्षेत्रसँग सम्बन्धित अनुच्छेदको बोध | -निर्धारित कविताको अध्ययनमा आधारित भई कुनै कृतिको पाठक प्रतिक्रिया लेखन | ६ |
| १०. | **कथा**<br>**रातभरि हुरी चल्यो**<br>*इन्द्रबहादुर राई* | क) कारक र विभक्ति<br>अ) सरल र तिर्यक कारक<br>आ) कारक कर्ता, कर्म, करणसम्प्रदान, अपादान, अधिकरण<br>ख) कारकीय अर्थ, विभक्तिको प्रयोग र पहिचान | कानुन तथा प्रशासनसँग सम्बन्धित अनुच्छेदको बोध | – सरल र तिर्यक कारकको प्रयोग गरी कुनै विषय घटना आदिको वर्णन<br>– विभिन्न कारकको प्रयोग गरी अनुच्छेद रचना | ६ |

Question Bank Nepal

| क्र.सं. | पाठ | व्याकरण | बोध | अभिव्यक्ति | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | ग) को, का, की, रो, रा,री नो,ना, नी को प्रयोग | | – व्यक्तिगत (बायोडाटा लेखन) | |
| ११ | **कविता** मेरो देश *भूपी शेरचन* | क) तद्भव र तत्सम शब्दको वर्णविन्यास<br>ख) निर्धारित अनुच्छेदबाट तत्सम र तद्भव शब्दहरूको पहिचान | समाजशास्त्र सम्बन्धी अनुच्छेदको बोध | – पदपूर्ति सम्बन्धी विज्ञापन लेखन<br>– व्यावसायिक विज्ञापन लेखन | ७ |
| १२. | **निबन्ध** आलु *भैरव अर्याल* | क) पद सङ्गति<br>अ) लिङ्ग (पुलिङ्ग, स्त्रीलिङ्ग)<br>आ) वचन (एकवचन, वहुवचन<br>इ) आदर (आदर, अनादर)<br>ख) शब्दभण्डार (प्राविधिक, पारिभाषिक शब्दको अध्ययन) | निबन्धको निर्धारित अनुच्छेदको बोध र प्रश्नोत्तर विज्ञान प्रविधिसम्बन्धी अनुच्छेदको बोध | लिङ्ग, वचन, पुरुष, आदर मिलाई सूचना लेखन | ८ |
| १३. | **कथा** शत्रु *विश्वेश्वरप्रसाद कोइराला* | क) सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग<br>ख) निर्धारित कथाबाट सरल, मिश्र र संयुक्त वाक्यको पहिचान | सञ्चारसँग सम्बन्धित अनुच्छेदको बोध | टिप्पणी लेखन/ सम्पादकलाई चिट्ठी लेखन | ७ |
| १४. | **उपन्यास** एक चिहान *हृदयचन्द्र सिंह प्रधान* | वाक्यान्तरण<br>क) संरचनागत (सरल, मिश्र, संयुक्त)<br>ख) वाच्यगत (कर्तृ, कर्म, भाव)<br>ग) कथन (प्रत्यक्ष, अप्रत्यक्ष)<br>घ) ध्रुवीयता (करण अकरण)<br>ङ) वाक्यसंश्लेषण | कृषि, वनसम्बन्धित, अनुच्छेदको बोध | – निबन्ध (स्वास्थ्य, विज्ञान र प्रविधि, नागरिक अधिकार र दायित्व, आर्थिक विकास आदि) | ६ |
| १५. | **कथा** हारजित *भवानी भिक्षु* | वाक्य संश्लेषण (सरल वाक्यहरूलाई मिश्र वा संयुक्त वाक्यमा संश्लेषण) | कानुन, न्याय तथा मानव अधिकार सँग सम्बन्धित अनुच्छेदको बोध | प्रतिवेदन लेखन (गोष्ठी, भ्रमण, घटना आदिको) | १० |
| १६. | **निबन्ध** खाद्य सङ्कट र जैविक विविधता *डा.तीर्थबहादुर श्रेष्ठ* | शब्दभण्डार (प्राविधिक तथा पारिभाषिक शब्द) | ग्रामीण विकास सँग सम्बन्धित अनुच्छेदको बोध | विज्ञान र प्रविधिसँग सम्बन्धित अनुच्छेद लेखन(जैविक विविधता, वातावरण, पुनर्नवीकरणीय ऊर्जा, विद्युतीकरण, आर्थिक विकास) | १० |
| १७. | **एकाङ्की** नालापानीमा *बालकृष्ण सम* | – क्रियाका भाव<br>– उक्ति परिवर्तन<br>– वर्ण र अक्षर | भाषा र साहित्य सँग सम्बन्धित अनुच्छेदको बोध | व्यवहारिक लेखन (समवेदना, श्रद्धाञ्जली, बधाइ, शुभकामना) | १० |
| १८. | **कविता** कान्छी, भट्टी र देश *कृष्ण सेन 'इच्छुक'* | क्रियाका काल र पक्ष | इन्जिनियरिङ सम्बन्धी अनुच्छेदको बोध | – पत्ररचना (निवेदन, व्यावसायिक निमन्त्रणा)<br>– विज्ञापन | ६ |
| १९. | **नाटक** बहुला काजीको सपना *विजय मल्ल* | वाक्यका प्रकार र वाक्यान्तरण | समाजशास्त्र सम्बन्धी अनुच्छेदको बोध | टिप्पणीलेखन<br>– कानुन र नागरिक अधिकार<br>– सञ्चार माध्यम र जिम्मेवारी<br>– जनता, जाति र भाषा | १० |

Question Bank Nepal

# नमुना प्रश्नपत्र २०६७

समय : ३ घण्टा | पूर्णाङ्क : १००
उत्तीर्णाङ्क : ३५

---

**प्र. नं. १. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** **५ (१. व्याकरण खण्डबाट)**

(क) तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस् :
ग, झ, व, ह, ल

(ख) तल दिइएका शब्दको अक्षर संरचना र संख्या समेत देखाउनुहोस् :
स्याल, कमल, अन्याय, विशेषता, आज्ञाकारी

**प्र. नं. २. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् ।** **५ (१. व्याकरण खण्डबाट)**

जापान, भारत र नेपाल एशिया महादेशमा छन भन्नु होस् त ! भूटन र बङ्गलादेश कुन् महादेशमा पर्छन् सत्ते कुरा के हो भने यि पनी यही महादेशका मुलुक हुन् ।

**प्र. नं. ३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् ।**
**३ (१. व्याकरण खण्डबाट)**

गाउँमा एकजना <u>बुढा</u> रहेछन् । एक दिन <u>उन</u>लाई भेट्न अर्को <u>बुढा</u> मान्छे आएछन् <u>तर</u> भेट हुन सकेनछ । गाउँलेहरूले <u>कठै</u> ! विचराले दु : ख <u>मात्र</u> पाए भनेछन् ।

**प्र. नं. ४. तलको अनुच्छेदबाट दुई दुई तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् ।**
**२ (१. व्याकरण खण्डबाट)**

एक किलो मासु उत्पादन गर्न दश किलो शाकाहारी भोजन खपत हुन्छ, अर्थात् एक धनी मांसाहारी मान्छेले सागपात, दुध, घिउ जस्ता खाने कुरामा मात्र निर्भर दस जना गरिब शाकाहारीको खाना हसुर्छ । के यो शोषण होइन ? ठण्डा दिमागले सोचौँ त !

**प्र. नं. ५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् ।** **२×३ = ६ (१. व्याकरण खण्डबाट)**

(क) तलको अनुच्छेदबाट ५ ओटा उपसर्ग व्युत्पन्न शब्द र ५ ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् :

दिनभर काम गरेकाले हामी थकित भई चौतारीमा बसेर आराम गर्दै थियौँ । जुनेली रात रमाइलो थियो । कसैको मनमा कुभावना तथा बदनियत थिएन । हामीले कसैलाई दुर्व्याच्य पनि बोलेका पनि थिएनौँ तर अकस्मात् एउटा जँड्याहा हाम्रो छेउमा आयो र हामीलाई आक्रमण गर्ने दुष्प्रयास गर्‍यो । पहिले त हामी छक्क पर्‍यौँ । किन आक्रमण गर्न लागेको होला भनी जिज्ञासु नजरले हेर्‍यौँ । तर प्रतिकारमा नउत्रिए घाइते हुने डर थियो । हामीले होसियार भएर आफ्नो बचाउ गर्ने निधो गर्‍यौँ ।

(ख) तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् ।

आफ्नो जन्मभूमीलाई चुपचाप विदेशीको कृपामात्र बनाउन खोज्नेहरूको देश कहिल्यै आत्मनिर्भर हुँदैन । आल्तुफाल्तु कुरामा अनमोल समय बिताउने मुलुकले अग्र गति लिँदैन । आपसी झैझगडाको जालो चटाचट काट्दै आत्मविश्वासका खाडलहरू रातारात पुरेर जब धर्तीपुत्रहरू स्वावलम्बी बन्छन् तब जनताको भाग्योदयका ढोकाहरू घ्याकघुरुक्क खुला हुन्छन् । कृषिक्रान्ति गरेर लहलह बाली झुलाउन सके, पर्यटन क्षेत्रको विकास गरेर नेपालीका हातमा विदेशी मुद्रा छन्छन् बज्ने व्यवस्था मिलाउन सके, स्वदेशी डाँडाकाँडामा पाइने अनमोल जडिबुटीले जनस्वास्थ्य र रुग्ण अर्थतन्त्र सबल पार्न सके यहाँ न बेरोजगारी रहन्छ न त गरिबी नै । यसका निम्ति केवल दूरदर्शी नेतृत्व र क्रियाशील युवाजोसको खाँचो छ ।

(ग) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् ।

घरेलु अत्यावश्यक सरसामान किन्न मानिसहरू बजार जान्छन् । बजारको भिँडभाडमा कहिलकाहिँ वयोबृद्ध तथा केटाकेटीहरूलाई अप्ठेरो पनि हुन्छ । यस्तै हुलमुलमा चोरीको बिगबिगी हुन्छ भने रक्स्याहाहरूले पनि बाटाघाटामा दु:ख दिन्छन् । सडक पेटीका व्यापारीले सोझासाझा गाउँलेहरूलाई सक्कली माल भनी नक्कली माल बेचेर ठग्छन् ।

**प्र. नं. ६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** **५ (१. व्याकरण खण्डबाट)**

(क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचासमेत मिलाई पुनर्लेखन गर्नुहोस् ।

Question Bank Nepal

एक दिन एउटा युवक टुँडिखेलमा हिँडी रहेको रहेछ। एउटी युवतीले उसलाई बोलाइछ। युवती त्यो युवक जता जाने हो त्यतै जाने रहिछ। यसलाई त्यस युवकले चाहिँ चिनेको रहेनछ। चिनजानपछि त्यस युवकले त्यस युवतीलाई भेट्दा सङ्कोच नमानी कुरा गर्न थालेछ।

(ख) वाक्य ढाँचा सहित एक वचनलाई बहुवचनमा परिवर्तन गर्नुहोस्।
म कक्षा ११ मा पढ्ने विद्यार्थी हुँ। कलेजमा हाम्रो एकजना मन मिल्ने साथी छ। साथी हामीलाई माया मात्र होइन, सहयोग पनि गर्छ। म दिनहुँ बाटामा उसलाई भेट्छु। ऊ पनि सँधै मलाई भेट्ने प्रयास गर्छ।

**प्र. नं. ७. कुनै एक प्रश्नको उत्तर दिनुहोस्।** **६ (१. व्याकरण खण्डबाट)**

(क) ले, लाई, बाट, द्वारा, मा र देखि विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका ६ ओटा वाक्यमा कुनै घटनाको वर्णन गर्नुहोस्।

(ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गती मिलाई पुनर्लेखन गर्नुहोस्।
मेरो बहिनी पोखराको मणिपाल कलेजमा डाक्टरी पढ्छ। मेरी भाइ चाहिँ सात कक्षामा पढ्छे। तपाईं पोखरा जान्छन् ? जाने भए हिँड्। म पनि बहिनी भेट्न पोखरा जाँदै छ। हामी दुबै सँगै जालास्।

**प्र. नं. ८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस्।** **४×२ = ८(१. व्याकरण खण्डबाट)**

(क) तलका जटिल वाक्यहरूलाई आठ ओटा सरल वाक्यमा छुट्याउनुहोस्।
तपाईँलाई सूर्योदयको दृश्य हेर्ने मन छ भने नगरकोट जानुहोस्। नगरकोटबाट सूर्योदय राम्ररी हेर्न पाइन्छ भने वरपरको दृश्य पनि देखिन्छ। जुन मान्छेले नगरकोटको भ्रमण गर्छ उसले सूर्योदयको दृश्य हत्तपत्त बिर्सदैन। नगरकोटले पर्यटन व्यवसाय बढाएको छ र स्थानीय मानिसहरूका लागि आय आर्जनको बाटो पनि खुलाएको छ।

(ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्।
सप्ताहान्तमा साथीहरूसँग सहर गइन्छ। सहरमा सिनेमा हेरिन्छ। दुईचार दिन त्यहीँ बसेर रमाइलो गरिन्छ। आफूलाई चाहिने सामान किनिन्छ। अर्को हप्तातिर मात्र घर फिरिन्छ। सहरका रमझमबारे घरमा बेलीविस्तार लगाएर सुनाइन्छ। सानो यात्रा वृत्तान्त लेखेर पत्रिकामा पनि छपाइन्छ। अर्को सप्ताहान्त कसरी मनाउने भन्ने विषयमा पुनः सोचिन्छ।

(ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्।
चराले आफ्नो गुँड आफैँ बनाउँछ, मुसाले आफू बस्ने प्वाल आफैँ खन्छ र मूक प्राणीहरू आफ्नो आश्रय स्थल आफैँ बनाउँछन्। चेतनशील प्राणी हामी मानवले आफ्नो देश आफैँ बनाउनुपर्छ।

**प्र. नं. ९. तलका अनुच्छेदहरू पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्।** **१० (२. बोध खण्डबाट)**

वातावरण भन्नाले त्यस्तो प्राकृतिक प्रक्रिया (कृत्रिम प्रक्रिया पनि) हो जसले कुनै पनि ठाउँको उन्मुक्त दृश्यको निर्माण गरेको हुन्छ। जस्तैः पसलको वातावरण भन्नासाथ बेच्न राखिएका विभिन्न सामानहरूको दृश्यकासाथै बेच्ने तथा किन्ने मानिसहरूको तस्विर हाम्रो मष्तिस्कमा तयार हुन्छ। त्यसैगरी स्कुलको वातावरण भन्नाले पढ्ने, पढाउने शिक्षक तथा विद्यार्थी, कक्षाकोठाहरू, कुर्सी, टेबुल, कालोपाटी, किताब, कलम, खेल मैदान आदिको बोध हुन्छ। त्यस्तै गाउँको वातावरण भन्नाले साधारणतः थोरै मानिस, माटाले पोतेको थोरै घर, वरिपरि गाइभैँसी र भेडाबाखा बाँधेको, हाँस कुखुरा पालेको, दाउरा घाँस तथा परालको थुप्रो, अलि पर खोला, इनार वा कुवा आदिको झलक र सहरी वातावरण भन्नासाथ चिल्ला सडक, उज्यालो बिजुली बत्ती, सुकिला लुगा लगाएका मानिस, मोटर गाडी गुडेको, उद्योग कलकारखाना र त्यसबाट निस्केको धुवाँको मुस्लो, राम्रा तथा अग्ला घरहरू आदिको झलकजस्ता कुरा बुझिन्छन्।

यसरी 'वातावरण' शब्दको प्रयोग धेरै अर्थमा भएपनि यो खासगरी यस अन्तर्गतको खोलानाला, हावापानी, माटो, ढल, ताल, सागर, महासागर, मरुभूमि, वनजङ्गल, हिमाल आदि पर्दछन्।

वातावरण खासगरी सजीव र निर्जिव दुई आधारभूत तत्त्वहरू मिलि बनेको हुन्छ। निर्जिव तत्त्व भन्नाले घाम वा ऊर्जा, हावा, पानी, माटो तथा जीवलाई आवश्यक पर्ने तत्त्वहरू बुझिन्छन्। सजीव तत्व भन्नाले सूक्ष्म जीवाणुदेखि ठूला ठूला जनावरका साथै बोटविरुवा जस्ता पृथ्वीका सम्पूर्ण प्राणी तथा वनस्पतिहरूलाई बुझिन्छ। निर्जिव तत्त्वहरूको निश्चित समानुपातिक संरचनाका आधारमा निश्चित वातावरण तयार भएको हुन्छ। त्यही वातावरण अनुसार सजीवहरूको सृष्टि हुन्छ। त्यसैकारण सजीव र उसको वरपरको वातावरण वा निर्जीव तत्त्वहरूबिच अदृश्य वा अप्रत्यक्ष किसिमको घनिष्ठ अन्तरसम्बन्ध भई रहन्छ। यहि अन्तरसम्बन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ। यस किसिमको पारिस्थितिक प्रणालीको अध्ययन गर्ने शास्त्रलाई पारिस्थितिकी शास्त्र भनिन्छ।

**प्रश्नहरू :**

(क) वातावरण भनेको के हो ?

Question Bank Nepal

(ख) गाउँ र सहरको वातावरणमा के फरक छ ?

(ग) वातावरणका सजीव र निर्जीव तत्त्वहरू के के हुन् ?

(घ) पारिस्थितिक प्रणालीले कस्तो अन्तरसम्बन्धको अध्ययन गर्दछ ?

(ङ) 'समानुपातिक' र 'पारिस्थितिक प्रणाली' को अर्थ लेख्नुहोस्।

**प्र. नं. १०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच बुँदा टिपोट गर्नुहोस्। ५ (२. बोध खण्डबाट)**

कवि स्रष्टा हो, ऊ सृष्टि गर्छ। सय पङ्क्तिमा लेख्दा पनि जुन कुरा भन्न सकिँदैन कविले त्यसलाई एकै पङ्क्तिमा अझ राम्ररी भन्न सक्छ। प्रभातका एकै किरणमा सारा रङ र रुपको कस्तो रमाइलो ढोका उघ्रन्छ। एकै धर्के प्रिया मुस्कानमा सम्पूर्ण प्रीति प्रकट हुन्छ। आमाको एउटै काखमा आशीर्वादका अनन्त फूलहरू फक्रिन्छन्। स्रष्टाको कलाको तेस्रो आँखाले अर्कै रुप र अर्कै अभिप्राय देख्दछ। एकजना अन्तरिक्ष यात्रीले भनेका थिए- यहाँबाट मैले सृष्टि सौन्दर्यको जो विचित्र रङ र आभा देखेको छु, त्यसको वर्णन म गर्न सक्तिनँ, यसका निम्ति त कवि नै चाहिन्छ। सृष्टिमा जे-जति छ, त्यति नै यति विचित्र छ, कि त्यसको भाषा पाइँदैन; परन्तु कविता विचित्र वाणीमा त्यसको महिमा मुखरित हुन्छ। बैशाखी रातमा कुहुकुहु गर्दै कोइली मानौँ विस्मय र आश्चर्यमय भई पखेटा खोलेर उडेर झैँ उड्छे र वसन्तलाई बोलाउँछे। बिहानीपख सूर्यका किरणहरू जसरी छिरबिराएर आउन थाल्छन्, त्यसरी नै धोबीनी चरीका कलकण्ठबाट उसका चिरबिर वाणीहरू चिरबिरिन थाल्छन् – जहाँ अरु एक शब्द पनि बोल्न सक्दैनन्: कवि त्यहाँ सहस्र सुन्दर, सहस्र सरल शब्द बोल्न सक्दछ।

**प्र. नं. ११. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस्। ५ (३. व्यवहारिक लेखनखण्डबाट)**

(क) आफ्नो घरमा एउटा टेलिफोन लाइन जडान गरिदिन अनुरोध गर्दै स्थानीय दूर सञ्चार कार्यालयलाई सम्बोधन गरी एउटा निवेदन लेख्नुहोस्।

(ख) झाडापखालाबाट बच्नका लागि अपनाउनु पर्ने स्वास्थ्यसम्बन्धी विषयलाई समेटी स्थानीय स्वास्थ्य केन्द्रले तयार पार्ने एउटा सूचना लेख्नुहोस्।

**प्र. नं. १२. आफ्नो विद्यालयमा सम्पन्न वार्षिकोत्सव कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस्। ५ (३. व्यवहारिक लेखनखण्डबाट)**

**अथवा**

**बढ्दो महंगी शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस्। ३ (व्यवहारिक लेखनखण्डबाट)**

**प्र. नं. १३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस्। १० (३. व्यवहारिक लेखनखण्डबाट)**

(क) मेरो पृथ्वी : मेरो देश

(ख) नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको भूमिका

(ग) मेरो जीवनको लक्ष्य

**प्र. नं. १४. एक चिहान उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

**१० (४. कृति खण्ड (क) उपन्यासबाट)**

"त्यसो भए डर लाग्दो कुरा छ बाबु ! अब कहिल्यै नबोलाउनु ती डाक्टरलाई फेरि। मलाई राम्रो थाहा छ उनी हृदयमा लेश पनि दया भएका मानिस होइनन्: आजसम्म टोलको कोही बिरामीलाई मुफतमा हेरि दिएका पनि छैनन्।" सशङ्कित भावमा अष्टनारायणले भने।

वृद्ध, अनुभवी आफ्ना बाबुको यो कुरा सुनेर शिवनारायणको हृदयमा पनि शंकाको बीजारोपण भयो तापनि आपत्मा काम दिएको हुनाले उनको गरिबीले त्यो शङ्कालाई जिउन दिएन। यसैले शिवनारायनले आफ्ना पिताज्यू अष्टनारायनलाई सम्झाएर भने – "डाक्टर गोदत्त प्रसाद सायद अगि खराबै थिए होलान्, तरपछि बदलिने मानिसहरू पनि त धेरै छन् बा ! कति दयालु मानिस पनि त पछि अनौठोसँग निर्दयी भएर गएका छन्।"

प्रश्नहरू :

(क) माथिको प्रथम अनुच्छेदमा गोदत्त प्रसादको चरित्रबारे गरिएको आशङ्का कत्तिको उचित छ, तर्कसहित लेख्नुहोस्।

(ख) माथिको दोस्रो अनुच्छेदमा व्यक्ति गरिएको भनाई अनुसार गोदत्त प्रसादमा परिवर्तन आएको हो त ? उपन्यासका आधारमा स्पष्ट पार्नुहोस्।

प्र. नं. १५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×५ = १० (४. कृति खण्ड (ख) कविताबाट)

(क) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको एक / दुई वाक्यमा उत्तर दिनुहोस् :

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सरेर
निर्मल, स्वच्छ र न्यायो घाममा
हिमालले सँधै ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकको हुन्छ

१. यस कवितांशमा कस्तो वातावरणको चित्रण छ ?
२. यस अंशमा 'हरियो फरिया' भनेर केलाई भिनएको छ र त्यस्तो फरिया कसले लगाएको छ?
३. 'हिमालले सँधै ढाड सेकेको हुन्छ' भन्नुको तात्पर्य के हो ?
४. मनले सपनामा पाइला टेक्नु भनेको के हो ?
५. यस अंशमा भनिएको मुख्य कुरा के हो ?

(ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(४. कृति खण्ड (ग) कथाबाट)

"यो सबै सङ्गत गुनाको फल। ठूलाबडाको सङ्गतको विष त महामारी फैले भैँ पो फैलन्छ त। यसले हामीजस्ताको त प्राणै चुस्छ। त्यो घरको हावाबाट जति सक्यो परै राख भन्यो, मान्दैनौँ तिमी।"
"यो क्या, छोटाहरूको छिमेक रे, हाम्रो दिदिआमाले भन्या। यहाँका छोटाहरूको सङ्गतले म बिग्रिएँ रे क्या, त्यसैले हामी घर सरेको।"

प्रश्नहरू :

१. माथिका भनाई कस–कसका हुन् ?
२. माथिका पहिलो र दोस्रो उद्धरणमा वक्ताको दृष्टिकोणमा के भिन्नता छ ?
३. 'ठूलाबडाको सङ्गतको विष त महामारी फैलिए भैँ पो फैलन्छ त' भन्नुको तात्पर्य के हो ?
४. दिदिआमाको व्यवहारका कारण बाल्यप्रेममा बाधा पुगेको छ भन्नु कुराप्रति तपाइँ सहमत हुनुहुन्छ ? हुनुहुन्छ भने किन ?
५. छोटा र बडाको समाज नहुनका लागि के हुनुपर्ला ?

(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(४. कृति खण्ड (घ) निबन्धबाट)

"कस्तो विचित्रता, आलु आए पनि मान्छे खाएको कुरा सकार्न सक्दैन। सायद यसैले होला 'आलु खाएर पेडाको धाक' लगाउने चलन चलेको। उसिनाको भात हसुरेर मसिनाको भुजा ज्यूनार गरेँ भन्नेदेखि लिएर बम पड्काई शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जा–दर्जाका धक्कुबाजहरू संसारमा पाइन्छन्। वास्तवमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन्, अर्थात् कर्मले गरेको नीचतालाई धाकले ढाक्नु आलुवादको पक्ष हो, जो बीसौँ शताब्दीका प्रत्येक व्यक्तिले पालन गर्नैपर्छ।"

प्रश्नहरू :

१. मान्छेले आलु खाएर पनि खाएँ भन्न नसक्नुको कारण के हो ?
२. आलु खाएर पेडाको धाक लगाउनेहरू कस्ता हुन्छन् ?
३. आलुवादको धार्मिक पक्ष के हो ?
४. भैरव अर्यालको बीसौँ शताब्दीका मान्छेलाई हेर्ने यस दृष्टिकोणप्रति तपाइँको के प्रतिक्रिया छ ?
५. माथिको अनुच्छेदमा कसलाई व्यङ्ग्य गरिएको हो ?

प्र. नं. १६. 'शत्रु हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन।' शत्रु कथाका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस्।
५ (४. कृति खण्ड (ग) कथाबाट)

❑❑❑

Question Bank Nepal

# १ | व्याकरण खण्ड

**प्र.नं. ८ (२०७०) 'D'** २ × ४ = ८

कुनै दुई प्रश्नको उत्तर दिनुहोस्।

(क) तलको अनुच्छेदका अकरण वाक्यहरूलाई करणमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्।

मेरा साथीहरू काममा गएनन्। काम नगर्नु राम्रो होइन। काम नगर्नेले सुख पाउँदैन। जसले काम गर्दैन उसले दुई छाक राम्ररी खान पाउँदैन। त्यसैले काम नगर्नेहरू दुखी छन्। काम गरे जीवन सार्थक नहुने होइन। यो कुरा मेरा साथीहरूले बुझेका थिएनन्।

(ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्।

यसपाली कलेजबाट वनभोज गइन्छ। साथीभाइहरूसँग रमाइलो गरिन्छ। सकुन्जेल नाचिन्छ। मिठा मिठा खानेकुराहरू पनि खाइन्छन्। कर्णप्रिय गीतहरू पनि दिनभर सुनिन्छन्। फोटाहरू पनि खिचिन्छन्। केही बेर यताउति घुमिन्छ। साँझ अबेर मात्र घरतिर फर्किइन्छन्।

(ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्।

गाउँको पोखरीमा अस्ताउन लागेको सूर्यबिम्ब पर्‍यो। त्यसले गर्दा पोखरीको पानी नै रातो भइ रहेको थियो। त्यो साँच्ची नै अनौठो दृश्य थियो। त्यो देखेर मानिसहरू दङ्ग परेर।

**प्र.नं. ७ (२०७०) 'D'** ६

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस्।

(क) ले, लाई, बाट, द्वारा, मा र देखि विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका छ ओटा वाक्यमा आफ्नो साथीको वर्णन गर्नुहोस्।

(ख) तलको अनुच्छेदका वाक्यलाई संगति मिलाई पुनर्लेखन गर्नुहोस्।

एक दिन हामी घुम्नका लागि नजिकैको जंगल गयो। त्यस जंगलमा अग्लो रुखहरू थिए। मेरो भाइ एउटा जामुनको रुखमा चढी। उसले जामुन टिपेर हामीलाई तल झारिदिए। दिनभर जंगलमा रमाइलो गरेर हामी साँझपख घरतिर फर्के।

**प्र.नं. ६ (२०७०) 'D'** ५

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस्।

(क) तलका वाक्यहरूलाई आवश्यक सुधार सहित स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस्।

ऊ डोटीमा जन्मिएको हो। उसले त्यहाँ पाँच कक्षासम्म पढेको थियो। ऊ अहिले राजधानी काठमाण्डौमा कक्षा एघारमा पढ्दै छ। उसले होटेल व्यवस्थापन विषय लिएर पढेको छ। ऊ नेपालकै पाँचतारे होटलमा काम गर्ने सुरमा छ।

(ख) तलका वाक्यहरूलाई आवश्यक सुधार सहित एकवचनबाट वहुबचनमा परिवर्तन गर्नुहोस्।

तँ विदेश जान्छस्। त्यहाँ तैँले राम्रो काम पाउँछस्। त्यहाँ तैँले धेरै अनुभव लिनेछन्। विदेशबाट फर्किएपछि ती अनुभवहरूलाई तँ आफ्नो देशमा लगाउँछन्। तँ खुसी हुन्छस्।

**प्र.नं. ५ (२०७०) 'D'** २ × ३ = ६

कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस्।

(क) तलका अनुच्छेदबाट तीनवटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस्।

यस संसारका थरी थरीका मानिस छन्। कतै असल, स्वावलम्वी, शिक्षित र बुद्धिमान् मानिस भेटिन्छन् भने कतै बेइमान, फटाहा, नालायक र बिकामे मानिस पनि भेटिन्छन्।

(ख) तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएका अंश छुट्याउनुहोस्।

घरायसी विवादलाई लिएर झैझगडा त घरघरमै हुने गरेको पाइन्छ। चौबाटोमा आ-आफ्ना घरका समस्यालाई लिएर कुल घरानको मान मर्यादा बिर्सी इज्जत सिज्जत फ्याँक्ने दाजुभाइहरू गोबरगणेश नै हुन्।

Question Bank Nepal

(ग) तलका अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धिविच्छेद गर्नुहोस्।

लोकतान्त्रिक व्यवस्था आइ सकेपछि पनि नेपाली जनताले आफ्नो मनोरथ पुरा गर्न पाएका छैनन्। अशिक्षा, चोरी, भ्रष्टाचार, अत्याचार आदिका मारमा नराम्रोसँग पिल्सि रहेका छन्। कमाइ गर्ने वातावरण छैन। असुरक्षा पनि दिनदिने बढ्दो छ तर पनि जनता चुपचाप बसेका छन्। लोकतन्त्रले जनताको अनुहार हँसिलो पार्ला भन्ने कुरा पनि गफै रहेछ भन्ने पनि छन्। खै, यस्तो परिस्थिति रहे रहने हो भने नेपालीहरूले धैर्य गर्न सक्ने अवस्था पनि के रहला र ?

२

**प्र.नं. ४ (२०७०) 'D'**

तलको अनुच्छेदबाट **दुई दुई** ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस्।

सरकारले गर्दै आएको लोडसेडिङ विद्यार्थीका लागि बढी घातक सिद्ध भएको छ। राम्ररी पढेर भविष्यमा देशका लागि हाइड्रोपावरको विकास गर्ने उनीहरूको सपना त्यति सजिलै पुरा होला जस्तो लाग्दैन।

३

**प्र.नं. ३ (२०७०) 'D'**

तलका अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस्।

हामी मुग्ध भएर त्यो नीलो अनन्तमा छिन छिनमा रुप बदल्दै हावाको गतिसँग यता र उता खेल्ने, कपासका फुलहरू छरिए झैँ फाटफुट बादलका टुक्राहरूलाई हेर्न थाल्दथ्यौँ।

५

**प्र.नं. २ (२०७०) 'D'**

शुद्ध गरी पुनर्लेखन गर्नुहोस्।

मिरमिरे उज्यालो भयेको थीयो। गुमाने खोजदै आशामरु आय पुग्यो। एकाबीहानै आशामरुलाई देखेर गुमानेले भन्यो कति काम्लाई ऊकालो लाग्यौ साहू ?

५

**प्र.नं. १ (२०७०) 'D'**

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस्।

(क) उच्चारण स्थान र प्रयत्नका आधारमा तलका वर्णलाई चिनाउनुहोस्।
घ, ठ, म, व, स

(ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस्।
काम, उत्साहित, औपचारिक, पण्डित, शिक्षा

२×४ = ८

**प्र.नं. ८ (२०७०) 'C'**

कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस्।

(क) तलका चारवटा जटिल वाक्यलाई आठओटा सरल वाक्यमा परिवर्तन गर्नुहोस्।
पृथ्वीको तापक्रम बढ्दा हिउँ पग्लनछ। पग्लेकोका पानी सागर महासागरमा थपिई सामुद्रिक पानीको सतह बढ्छ। यसबाट सामुद्रिक तटका जमिनहरू डुबी ती देशको अस्तित्व नै समाप्त हुन्छ। अर्कातर्फ, बाँध, नहर, कुलो आदि भत्केर पानीको ठूलो सङ्कट हुन्छ।

(ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्।
यसपालीको दसैँमा घर गइयो। बुबाआमासँग टीका लगाइयो। मिठामिठा खानेकुरा खाइयो। गाउँघरका साथीभाइसँग भेटघाट गरियो। स्कुलको सांस्कृतिक कार्यक्रममा सहभागी पनि भइयो। केही दिन गाउँमै बसी रमाइलो गरियो। थोरै दिन भएपनि आफन्त र इष्टमित्रसँग बस्न पाइयो। त्यसपछि टिकट काटेर सहर फर्कियो।

(ग) तलका अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस्।
रमाको डाक्टर बन्ने चाहना छैन। ऊ मिहिनेत गरेर पढ्दिन। ऊसँग प्रशस्त पैसा पनि छ। भएको पैसाको सदुपयोग गरेकी छैन। उसका बाबुआमा खुसी छैनन्। उसलाई धेरैजसो गाली गर्छन्। ऊ झनक्क रिसाउँछे। बाबुआमा दुःखी छन्।

Question Bank Nepal

**प्र.नं. ७ (२०७०) 'C'** ६

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस्।

(क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू कुन कुन कारकका हुन् ? पहिचान गरी लेख्नुहोस्।
झोली बोकेर घरघर डुल्दै आँगनमा आएको जोगीलाई आमाले बट्टकाबाट झोलीमा भिक्षा दिएपछि ऊ त्यहाँबाट अर्को घरमा गयो र फेरि पैसा माग्न थाल्यो।

(ख) तलका वाक्यलाई संगती मिलाएर पुनर्लेखन गर्नुहोस् ।
यसपाली सुमित्रा अमेरिकाबाट गाउँ आयो। मैले उसलाई भेट्नु पायो। ऊ धेरै खुसी भयो। म पनि खुशी भइन्। मैले उहाँलाई बजार घुमायो। ऊ फेरि अमेरिकै फर्कनु भयो।

**प्र.नं. ६ (२०७०) 'C'** ५

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस्।

(क) तलको अनुच्छेदमा रहेका बहुवचनहरूलाई एकवचन र एकवचनलाई बहुवचनमा परिवर्तन गर्नुहोस्।
मेरा साथीहरू कलेज पढ्न गए। म चाहिँ गाउँका मायाले यहीँ पढ्न थालेँ। उनीहरू सहरमा धुवाँधुलो खाएर बसेका छन्। म गाउँको स्वच्छ हावापानीमा रमाइ रहेको छु। आखिर पढाइ त उनीहरूको र मेरो एउटै त हो नी।

(ख) तलको अनुच्छेदमा प्रयुक्त सामान्य वर्तमान कालका क्रियालाई अभ्यस्त भूतकालमा परिवर्तन गरी आवश्यक वाक्य ढाँच सहित पुनर्लेखन गर्नुहोस्।
गोविन्द छुट्टीमा घर जान्छ। ऊ बुबाआमालाई भेट्छ। ऊ धेरै खुशी हुन्छ। केही समय ऊ गाउँ पनि डुल्छ। कलेज लागेपछि ऊ घरबाट डेरा फर्कन्छ।

**प्र.नं. ५ (२०७०) 'C'** २ × ३ = ६

कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस्।

(क) तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनुहोस्।
उपसर्ग : प्र, अनु, बे,
प्रत्यय : ईन, तव्य, एली

(ख) तलको अनुच्छेदबाट तीन समस्त र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएका अंश छुट्याउनुहोस्।
आजभोली अत्तोपत्तो बिना नै सत्ता प्राप्ति र सत्ता बहिर्गमनका आ–आफ्ना कुराले छरछिमेकमा झैँझगडा हुने गरेको छ। हाम्रा कामकाज केही नभएका भान्दाइ चाहिँ यस कुराबाट बेखवर भई चौबाटोमा उभिएर निर्लज्ज दुईजिब्रे कुरा गर्दै सबैलाई हँसाउन व्यस्त छन्।

(ग) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धी विच्छेद गर्नुहोस्।
नेपाल घुम्न आएका पर्यटकहरू नेपालीहरूको स्वागत, सत्कार र आतिथ्यलाई पाएर अत्यन्त प्रसन्न हुँदै हँसिलो अनुहार लगाई आफ्नो मुलुक फर्कन्छन् भनेर मैले उनलाई भनेँ।

**प्र.नं. ४ (२०७०)'C'** २

तलको अनुच्छेदबाट **दुई दुई** ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस्।
विचार गर्दागर्दै अनायास कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झे- हाटमा तिनीद्वारा धक्का खाई लडेका एउटा वृद्धलाई सम्झे, तिनले निकालि दिएका नोकरहरूलाई सम्झे।

**प्र.नं. ३ (२०७०) 'C'** ३

तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस्।
यो सहरको स्पर्शले यस शरीरलाई कुरुप बनाए पनि मन भने तिमीले जस्तो बनाइ दिएकी छौ त्यस्तै छ।

Question Bank Nepal

**प्र.नं. २ (२०७०) 'C'** ५

शुद्ध गरी सार्नुहोस्।

उसले भन्यो हिजो आज त माशु खान पनि डर लाग्छ। कतै गिद्धलाई समेत मार्ने विषादी त छैन

**प्र.नं. १ (२०७०) 'C'** ५

कुनै एक प्रश्नको उत्तर दिनुहोस्।

(क) तल दिइएका वर्णहरूको घोषत्व र प्राणत्व चिनाउनुहोस्।
क, ठ, ल, फ, ह

(ख) तल दिइएका शब्दको अक्षर संरचना देखाई अक्षर संख्या समेत देखाउनुहोस् :
शैशव, फनफनी, परीक्षा, आनन्दपूर्वक, ऊ

**प्र.नं. ८ (२०६९) पूरक परीक्षा** २ × ४ = ८

कुनै दुई प्रश्नको उत्तर दिनुहोस्।

(क) तलका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस्।
आज धारामा पानी आएन। दिदीले धारामा कुर्नु पर्‍यो। पानी नउमाली खानु राम्रो होइन। गाउँमा पानीको समस्या छैन। सहरमा पानीको समस्या छ। पानीको समस्या समाधान गर्न सकिन्छ। दैनिक पानीकै बारेमा धेरै समय बिताउनु परेको छ।

(ख) तलका वाक्यहरूलाई आठ ओटा सरल वाक्यमा छुट्याउनुहोस्।
एक रात कृष्ण रायले खाना खाए अनि विछ्यौनामा पल्टे। कृष्ण रायले जीवनमा धेरै समस्या झेल्नु पर्‍यो तापनि उनलाई सबैले सफलै देखेका थिए। कृष्ण रायको कुनै बैरी थिएन जुन उनको सन्तोषको ठूलो कारण थियो। जतिखेर कृष्ण राय जीवन सम्बन्धी सन्तुष्टिको अनुव गरिरहेका थिए त्यति खेर उनीमाथि लठ्ठीको प्रहार पर्‍यो।

(ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्।
हामी फाटफुट बादलका टुक्राहरूलाई हेर्न थाल्दथ्यौँ। ती कपासका फुलहरू छरिए झैँ थिए। ती हावाको गतिसँगै यता र उति खेल्थे। त्यो नौलो अनन्तमा ती छिनछिनमा रुप बदल्थे।

**प्र.नं. ७ (२०६९) पूरक परीक्षा** ६

कुनै एक प्रश्नको उत्तर दिनुहोस्।

(क) कर्ता कर्म आदि सबै कारक पर्ने गरी आफूले अवलोकन गरेको पुस्तकप्रदर्शनीको ६ वाक्यमा वर्णन गर्नुहोस् र प्रत्येक कारकमा रेखाङ्कन समेत गर्नुहोस्।

(ख) तलका अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस्।
गाउँको सामुदायिक अस्पतालमा विदेशी डाक्टरहरू आउँछ रे। मैले पनि आमाको स्वास्थ्य परीक्षण गराउने विचार गर्‍यो। के तिमीहरू पनि त्यो डाक्टरहरूसित जचाउँछन्। मेरा छिमेकीले त जचाउने भनेका छ। राम्रो परीक्षण र उपचार हुने भयौ।

**प्र.नं. ६ (२०६९) पूरक परीक्षा** ५

कुनै एक प्रश्नको उत्तर दिनुहोस्।

(क) तलको अनुच्छेदमा रहेका वाक्यलाई सामान्य आदरमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्।
आज विहान उहाँहरू बजार जानुभएको थियो। बजारमा नगर प्रमुख पनि उपस्थित हुनुहुन्थ्यो। उहाँसित एउटी सानी केटी पनि थिई। त्यो केटी सहरको एउटा विद्यलयमा पढ्दी रहिछे। उहाँहरूले बजार जानुको प्रयोजन बताउनु भयो।

(ख) तल दिइएको अनुच्छेदलाई आवश्यक वाक्य ढाँचा सहित पूर्ण भुत कालमा परिवर्तन गरी लेख्नुहोस्।
तिम्रा दिदीहरू सहरमा पढ्थे। उनीहरूले पढाइमा निकै विकास गरे। उनीहरूले उच्च शिक्षाका निम्ति छात्रवृत्ति पनि पाए। उनीहरू डाक्टर भएर गाउँ फर्किए। गाउँलेहरूले उनीहरूलाई अभिनन्दन गरे।



Question Bank Nepal

**प्र.नं. ५ (२०६९) पूरक परीक्षा,**

कुनै दुई प्रश्नको उत्तर दिनुहोस्।

(क) तलको अनुच्छेदबाट ६ ओटा उपसर्ग व्युत्पन्न शब्द र ५ ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस्।

*नेपाली उद्योगहरूले गुणस्तरीय उत्पादन गर्न सकेका छैनन् भन्ने गुनासाहरू उपभोक्ताबाट प्रशस्त मात्रामा सुनिन्छन्। यस्ता गुनासाहरू सुनेर दीर्घकालीन समाधान गर्ने आधिकारिक निकायको भने उपयुक्त सोचाइ पाइँदैन।*

(ख) तलको अनुच्छेदबाट तीन समस्त र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व दोहोरिएको अंश छुट्याउनुहोस्।

*प्रत्येक असल गृहिणीले आ-आफ्ना घरमा आएका परपाहुनाको उचित सत्कार गर्नु पर्छ। छरछिमेकी र इष्टमित्रसित सुसम्बन्ध कायम गरी घरघरमा मानवोचित व्यवहार गर्नुपर्छ। ऐँचोपैँचो र लेनदेनमा इमानदार बन्नु पर्छ। सुखदुःख जे जस्तो भए पनि घरमूली कहिल्यै आत्तिनु हुँदैन।*

(ग) तलको अनुच्छेदबाट ५ ओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस्।

*वैज्ञानिक उन्नतीको एउटा पाटो अत्याधुनिक हतियार निर्माण पनि हो। यसले सामरिक खरखजानाको बिग्बिगी निम्त्याएर मानवीय सद्भावलाई विथोलेको छ।*

**प्र.नं. ४ (२०६९) पूरक परीक्षा** २

तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस्।

ओजोन भनेको अक्सिजन परमाणुका बहुरुपीय अवस्थामध्ये एक हो। माथिल्लो वायुमण्डलमा ओजोनको उत्पादन सौर्य परावैजनी किरणद्वारा अक्सिजनको प्रकाश विच्छेदनको प्रक्रियाबाट हुन्छ भने तल्लो वायुमण्डलमा नाइट्रोजन अक्साइडको उपस्थितिमा मिथेन, कार्बन मोनोअक्साइड तथा आइड्रोजनको अक्सीकरणद्वारा हुन्छ।

**प्र.नं. ३ (२०६९) पूरक परीक्षा**

तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस्।

महान् भावनाको कदर गर्ने विद्वानहरू पूजनीय हुन्छन् र उनीहरूको आदर्श प्रेरणादायी हुन्छ यस्ता व्यक्तिहरूका व्यवहारले धेरैलाई प्रभावित गरेर उत्कृष्टता प्रदर्शन गर्नु अद्वितीय सफलता हो।

**प्र.नं. २ (२०६९) पूरक परीक्षा** ५

शुद्ध गरी पुनर्लेखन गर्नुहोस्।

नेपाली पर्यटक दिनदिनै सौराहा प्रति आकर्सित हुँदैछन्। यसमा सबै खुसी छन्। यहाँ बर्सैभरी घुम्न सकिन्छ विशेषतः असोजदेखि पुससम्म राम्रो निकुञ्जका जीव जन्तु जोगाउनु सबैको कर्तव्य हुन्।

**प्र.नं. १ (२०६९) पूरक परीक्षा** ५

कुनै एक प्रश्नको उत्तर दिनुहोस्।

(क) तल दिइएका वर्णहरूको उच्चारण स्थान र घोषत्व छुट्याउनुहोस्।

ख, भ, ध, फ, य्

(ख) तल दिइएका शब्दको अक्षर संरचना सङ्ख्या समेत देखाउनुहोस् :

भिर, फाटे, शैशव, पञ्चरत्न, अविवाहिता

**प्र.नं. ८ (२०६९)** २×४=८

कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :

(क) तलका चारवटा जटिल वाक्यलाई आठओटा सरल वाक्यमा परिवर्तन गर्नुहोस् :

मैले हिमालका सुन्दर झरना देखें र त्यहाँका सुन्दर हिमाल पनि देखें। म त्यो सुन्दरता देख्दा रोमाञ्चित पनि भएँ र उत्साही पनि भएँ। जब म पहाडका चुचुरा टेक्न थाल्छु तब म

Question Bank Nepal

हिमालकै गीत गाउन थाल्छु। पानीले हिमालको परिचय दिन्छ र नेपालको पनि परिचय दिन्छ।

(ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :
यसपालिको जाडोमा पनि वनभोजका लागि नगरकोट गइयो। दुईओटा बस लगियो। त्यहाँ मिठा मिठा खानेकुरा खाइयो। साथीहरूसँग मजाले नाचियो। साथीहरूलाई रमाइला चुट्किला सुनाएर हँसाइयो। हिमाली दृश्यहरूको अवलोकन पनि गरियो। अबेरसम्म बसेर भए पनि सूर्यास्तको रमणीय दृश्य हेरियो। झमक्क साँझ परेपछि काठमाण्डौतिर फिरियो।

(ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :
नानीथकुँले यति भनिन्। नानीथकुँ फेरि माथि उक्लिन्। डाक्टर गोदत्त प्रसाद पनि बडो खिन्न भए। उनी घरतिर फर्किए।

**प्र.नं. ७ (२०६९)** ६

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् :

(क) 'ले', 'लाई', 'द्वारा', 'देखि' र 'मा' विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका छ ओटा वाक्यमा आफूले देखेको कुनै सडक दुर्घटनाका बारेमा वर्णन गर्नुहोस्।

(ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :
महाकवि लक्ष्मीप्रसाद देवकोटाले थुप्रै कविता लेखेको छ। उसले केही कथाहरू समेत रचेका छन्। उनले एउटा उपन्यास पनि लेखेको छ। उनले निकै राम्रा निबन्ध पनि लेखेको छ। उनले लेखेका ती निबन्धहरू निजात्मक खालको छ। नेपाली साहित्यका विभिन्न विधाको रचना गर्ने उनी महान् प्रतिभा हो।

**प्र.नं. ६ (२०६९)** ५

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् :

(क) तलको अनुच्छेदमा रहेका एक वचन कर्तालाई बहुवचनमा फेरी अन्य आवश्यक परिवर्तन पनि गर्नुहोस् :
*मेरो भाइ बेलायत गयो। उसले त्यहाँ पाँच वर्ष पढ्ने छ। त्यसपछि ऊ नेपाल फर्कने छ। विमानस्थलमा उसको साथीले भव्य स्वागत गर्नेछ। ऊ दङ्ग पर्ने छ। र फेरी विदेश जाने छैन।*

(ख) तलको अनुच्छेदको प्रथम पुरुषकर्तालाई द्वितीय पुरुष कर्तामा बदली अन्य आवश्यक परिवर्तन गर्नुहोस्।
*म नेपाली हुँ। सगरमाथा मेरो गौरब हो। म त्यसको शिखरमा पुग्न सकेको छैन। कहिले त्यहाँ पुगूँ भन्ने मलाई लागि रहेको छ। अहिलेसम्म अवसर पाउन भने मैले सकेको छैन।*

**प्र.नं. ५ (२०६९)** २ × ३ = ६

कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस् :

(क) तलको अनुच्छेदमा रहेका रेखाङ्कित शब्दहरूको निर्माण प्रक्रिया देखाउहोस् :
खगोल <u>विज्ञान</u> विश्व वैज्ञानिक इतिहासमा प्राचीन विज्ञानका रुपमा स्थापित छ। अहिले खगोल विज्ञानका क्षेत्रमा धेरै महत्त्वपूर्ण <u>उपलब्धिहरू</u> प्राप्त भई सकेको छन्। यसतर्फको वैज्ञानिक अध्ययन अहिले ज्ञात <u>ब्रम्हाण्डीय</u> पिण्डभन्दा अज्ञात ग्रह तथा पिण्डको रहस्य खोतल्न लक्षित भएकोछ। स्पष्टत: अहिलेका खगोलविद्हरू ब्रम्हाण्ड <u>निर्माणको</u> भौतिक तथा <u>रासायनिक</u> प्रक्रियाको अध्ययनमा जुटेका छन्। खगोल विज्ञानको इतिहास केलाउने हो भने हामीले प्राचीन सभ्यतासम्म पुग्नै पर्दछ।

(ख) तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द जोडी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएका अंश छुट्याउनुहोस् :
भाइमाराहरू आ-आफ्नो सुखप्राप्तिका लागि आराम कुर्सीमा बसी देशहितका कुरा गर्न पनि

पछि पर्दैनन्। घरघरमा रहेका बुद्धिसुद्धि नभएका मानिसलाई समाज बहिष्कृत गर्न नसक्दा नेपाली जनताको घरजम उजाडियो । यो चाला गाईजात्रा साइजात्रा जस्तै हो भने कर्तव्यनिष्ठ मानिसका अभावमा मानिसको चरित्र निर्माणमा कठिनाइ उत्पन्न भएको छ। देशभक्त नेपाली दाजुभाइले आपसमा मिलेर समाजका निर्लज्ज र दुईजिब्रे चरित्रका मानिसलाई कानुनबमोजिम नङ्ग्याएर चौबाटोमा उभ्याउन सक्ने हो भने आमजनताले सन्तोषको सास फेर्थे।

(ग) तलको अनुच्छेदबाट ५ ओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस्।

विद्यालय विद्यार्थीहरूको ज्ञान आर्जन गर्ने मुख्य थलो हो। उनीहरूले विद्यालय नियमित गई महर्षि समानका गुरुहरूबाट जीवनोपयोगी एवम् व्यवहारिक ज्ञान आर्जन गरी आफ्नो भविष्य उज्जवल बनाउने तर्फ यथेष्ट ध्यान दिनुपर्ने हुन्छ। यद्यपि हिजोआजका आधुनिक भनाउँदा विद्यार्थीहरूको चञ्चले मन पढाईतर्फ नगई सदैव मोबाइल, इन्टरनेट आदितर्फ हुनुलाई कदापि राम्रो मान्न सकिन्न । यसबाट न आफ्ना सन्तानको सुखद् भविष्य देख्ने अभिभावकको उद्देश्य पूरा हुन्छ न देशले भविष्यमा उन्नतिको मार्गमा सही ढंगले पाइला चाल्न सक्छ।

**प्र.नं. ४ (२०६९)** २

तलको अनुच्छेदमा दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् :

कुनै समाचार वा सूचना एक ठाउँबाट अर्को ठाउँमा पठाउने काम सञ्चार हो अनि विश्वको कुनैपनि कुनामा घटेको घटनाका बारेमा विश्वभर जानकारी गराई दिने रेडियो, टेलिभिजन, इन्टरनेट, समाचारपत्र आदि सञ्चारका माध्यम हुन् ।

**प्र.नं. ३ (२०६९)** ३

तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् :

मानिस प्रकृतिकै उपज भएपनि सभ्यताको उषा कालदेखिं नै बाँच्नका निम्ति प्रकृतिसँग निरन्तर सङ्घर्ष गर्दै आएको छ।

**प्र.नं. २ (२०६९)** ५

शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :

मनोहर गंम परे। धन र भाग्यको स्वीकृती गाउँमा उन्कै छ। उत्सांहसाथ भने – होइन उतराहे घुरहु महतोको दाँतले काम दिन छोड्यो की, उहाँलाई देख्तिनँ बोलाएका छइनौ ?

**प्र.नं. १ (२०६९)** ५

कुनै एक प्रश्नको उत्तर दिनुहोस्।

(क) तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस्।
घ, च, न, स, ह

(ख) तल दिइएका शब्दको अक्षर संरचना र संख्या समेत देखाउनुहोस् :
देश, विज्ञान, ऋषि, गुरुत्वाकर्षण, चिनारी

**प्र.नं. ८ (२०६८)** २ × ४ = ८

कुनै दुई प्रश्नको उत्तर दिनुहोस्।

(क) तलका वाक्यमा रहेका उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस्।
(अ) दिदीआमाबाट घेरिएंकी गौरी शङ्करलाई भेट्न चाहन्थी।
(आ) एकै छिनमा आउने भनी गएको केटो दुईघण्टा बितिसक्दा पनि आएन।
(इ) मेहनती विद्यार्थी राम्ररी पढ्छ।
(ई) विद्यार्थी आए।

Question Bank Nepal

(ख) आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई वाक्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्।
नेपालले सन् २०११ लाई पर्यटन वर्ष घोषणा गरेको छ। यसका लागि स्वदेश विदेशमा कार्यक्रमहरू गरिँदै छन्। पर्यटकलाई स्वदेश भित्र्याइँदैछ। उनीहरूको चाहना अनुरुप खानेकुरा होटलहरूले तयार गरेका छन्। यसअघि पनि पर्यटन वर्ष मनाइयो। प्रशस्त सरकारी बजेट खर्च गरियो, पत्रपत्रिकामा प्रचारप्रसार गरियो। हामी पर्यटन वर्षलाई सफल बनाउने छौँ।

(ग) तलको वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्।
मेरो विद्यालय गाउँको सिरानमा छ। त्यहाँको वातावरण शान्त छ। त्यहाँ अनुशासनलाई प्राथमिकता दिइएको छ। त्यहाँ नियमित पढाइ हुन्छ।

**प्र.नं. ७ (२०६८)** ६

कुनै एक प्रश्नको उत्तर दिनुहोस्।

(क) वाक्य ढाँचासहित एकबचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस्।
काला चराहरू आकाशमा उडे। सिकारीले गुलेली ताक्यो। कमिलाले सिकारीको खुट्टामा टोकिदियो। ऊ छटपटायो। बन्दुक पड्क्यो। चराहरूको भागे।

(ख) "ले, लाई, बाट, द्वारा, मा, देखी" विभक्ति प्रयोग गरी ६ ओटा वाक्यमा आफ्नो विद्यालयको बयान गर्नुहोस्।

**प्र.नं. ६ (२०६८)** ५

कुनै एक प्रश्नको उत्तर दिनुहोस्।

(क) तलको वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस्।
मेरी काकीको छोरी काठमाडौँ बस्छ। ऊ कलेजमा पढछन्। ऊ मेहनती हुनुहुन्छ। उसकी बहिनी पनि त्यहीँ सँगै बसेर पढ्छ। उनीहरू राम्रो श्रेणीमा उत्तीर्ण हुन्छ।

(ख) तलको अनुच्छेदमा प्रयुक्त सबै क्रियापदलाई सामान्य भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्।
म सौराहा जान्छु। मलाई त्यो ठाँउ राम्रो लाग्छ। म त्यहाँ पुराना साथी भेट्छु। साथीहरूले मलाई उपहार दिन्छन्। ती उपहार लिएर म घर फर्कन्छु।

**प्र.नं. ५ (२०६८)**

कुनै दुई प्रश्नको उत्तर दिनु होस् : २×३=६

(क) तलको अनुच्छेदबाट छ ओटा उपसर्ग व्युत्पन्न शब्द र छ ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नु होस् :
*जैविक विविधताले मानवीय शान्तिमा मात्र होइन, उसका सामाजिक गतिविधिमा पनि प्रशस्त प्रभाव पारेको छ। अपराध र घृणित दुष्कर्मप्रति, प्रतिबद्ध कतिपय बेइमान सञ्चालकहरूले स्वदेशी सिपालु हातलाई भन्दा विदेशमा निर्मित वस्तुलाई बढी प्रयोग गर्न थालेका छन्।*

(ख) तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस्।
*चारकोशे झाडीमा लामपुच्छ्रे मात्र होइन चौपाया पनि प्रशस्त छन्। हिजोआज, हृष्टपुष्ट, कामचोर पनि भेटिन्छन्। तसर्थ, छिटोछिटो भातसात कपाकप खाएर अरुसँगै झैंझगडा नगरी मरमसला बोकेर आफ्नै काममा लाग्नुपर्दछ।*

(ग) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस्।
*अपाङ्ग व्यक्तिले हिमालय चढेर, विद्यालयमा पढेर राम्रा सूक्ति अनूदित गर्ने छन्। सदैव हामीले मतैक्य भएर ती देवर्षितुल्य प्रत्येक प्रतिभालाई स्वागत गरी परोपकारको पाठ पढाउनुपर्छ।*

Question Bank Nepal

**प्र.नं. ४ (२०६८)**

तलको अनुच्छेदबाट **दुई दुई** दुईआद्य तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् :

*सडकको माझमा असहाय "मेरो निरपानी रङ्गको सुन्दर शान्त र शालीन आलु घोडालाई आफ्नो भयानक पाङ्ग्राले किच्दै मोटर अघि बढ्यो, अनि मेरो कानमा आवाज आयो।*

**प्र.नं. ३ (२०६८)** ३

तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस्।

भित्र हेर्न छाडेर बाहिरको विचार गर्नासाथ तिमी साहित्य देशमा गल्लीको बोक्रो भलादमी बनि पो हाल्दछौ।

**प्र.नं. २ (२०६८)** ५

शुद्ध गरी पुनर्लेखन गर्नु होस् :

तेस्तै भासाको देषमा लवजको दसा हुन्छ कोही कोही शब्दहरू दूब्ला पातला भएका छन्। तिनीहरूको प्राचिन महत्त्व उडेको छ।

**प्र.नं. १ (२०६८)** ५

कुनै **एक** प्रश्नको उत्तर दिनु होस् :

(क) तल दिइएका वर्णहरूको उच्चरण प्रयत्न र घोषत्व चिनाउनु होस् :
ख्, ङ, च, ह्, व्

(ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनु होस्।
झलझली, घोर्ष, आज, अभिव्यक्ति, औचित्यपूर्ण ।

□□□

# २ | बोध खण्ड

**प्र.नं. १० (२०७०) 'D'** ५

**तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिपोट गर्नुहोस् :**

उचाइ सँगसँगै वायुमण्डलमा अक्सिजनको चाप आंशिक रूपमा घट्दै जान्छ। सातहजार फिट माथिको उचाइमा पुगेपछि हावापानीमा परिवर्तन हुने भएकाले त्यसमा बस्न बानी पर्नुपर्ने हुन्छ। यस अवस्थामा पल्मोनरी भेन्टिलेसन र पर्फ्युजन बढ्छ, प्लाज्मा भोल्यम घट्छ। मिगौंलाबाट बाइकार्बोनेट बढी निस्कन्छ तर यी सबैले हेमोग्लोबिन र हेमाटो किटको स्तर कायमै राखी रहन्छन्। १४ हजार फिटमा हृदय गति र मुटुबाट निस्कने रगतको मात्रा बढ्छ र पल्मोनरी आर्टेरी प्रेसर बढ्छ। शारीरिक दृष्टिले योग्य र स्वस्थ मानिसहरु यहाँ राम्रैसँग हावापानी सहन सक्छन्। त्यसैले कम सतहमा बसेको व्यक्तिभन्दा माथिल्लो सतहमा बसेको व्यक्तिले बढी काम गर्न सक्दछ। यसलाई सहन नसकेमा स्वाद दर बढ्छ, अलिकति टाउको दुख्ने, झर्किने, सजिलैसँग थाक्ने र बढी निदाउने हुन्छ।

**प्र.नं. ९ (२०७०) 'D'** १०

**तलको अनुच्छेदहरू पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

जीवनको विकासमा विभिन्न तरिकाले सुधारहरू हुँदै आए, सर्वप्रथम हड्डी नभएका जनावरहरू थिए तर तिनीहरू लामो समयसम्म बाँच्न सक्दैनथे तसर्थ हड्डीको विकास भयो। तिनीहरूको सबैभन्दा पहिले ढाडको हड्डी विकास भयो। हामीले जनावरलाई विभाजन गरेका छौं – हड्डी भएको र हड्डी नभएको जनावर। मानिस र जनावर जुन तिमी वरिपरि देख्छौं, तिनीहरू वास्तवमै हड्डी भएका प्राणी हुन्।

तिमीले साधारण जनावर देखेका छौ, जस्तै : जसले फुल पार्छ र त्यत्तिकै छोडी दिन्छ। तिनीहरूले एक पटकमा हजारौं फुलहरू पार्छन्। फुलको सुरक्षा नगर्ने हुनाले तिनीहरूका धेरैजसो फुलहरू नष्ट हुन्छन् वा अन्य प्राणीले खाइ दिन्छन्; केही मात्र माछाका रूपहरू पैदा हुन्छन् तर हामीले

Question Bank Nepal

केही विकसित जनावरलाई परीक्षण गरेको खण्डमा तिनीहरूको थोरै बच्चा पैदा गरेका भएतापनि राम्ररी हेरचाह गरेको पाउँछौं।

कुखुराको पोथीले पनि फुल पार्छ। पोथीले फुललाई शरीरले छोप्छ । यसरी चल्लाको जन्म हुन्छ। चल्ला उत्पादन गरिसकेपछि त्यसलाई केही समयसम्म खानेकुरा खुवाउँछ। जब चल्ला उत्पादन गरि त्यसलाई केही समयसम्म खानेकुरा खुवाउँछ। जब चल्ला ठुलो हुन्छ तब मात्र पोथीले हेरचाह गर्न छोड्छ।

स्तनधारी जनावरहरूको फुल पार्दैनन् तर तिनीहरूले फुल आफ्नै शरीरभित्रै राख्दछन् र एउटै विकसित बच्चालाई जन्म दिन्छन्। कुकुर, बिरालो, खरायो आदिलाई उदाहरणका रुपमा लिन सकिन्छ। बच्चालाई जन्म दिएपछि यिनीहरूले दुध चुसाउँछन्। यसरी आमाले बच्चालाई राम्ररी स्याहार सुसार गर्छन्।

**प्रश्नहरू :**

क) हड्डीको विकास कसरी भयो ?

ख) माछाका धेरैजसो फुलहरू कसरी नष्ट हुन्छन् ?

ग) स्तनधारी पोथीले कसरी चल्ला जन्माउँछ ?

घ) स्तनधारी जनावरका आमाले बच्चाको स्याहार सुसार कसरी गर्छन् ?

ङ) 'स्तनधारी' र 'परीक्षण' शब्दको अर्थ लेख्नुहोस्।

**प्र.नं. १० (२०७०) 'C'** ५

**तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिपोट गर्नुहोस् :**

विश्व श्रम बजारमा घरेलु श्रम जसरी एउटा प्रमुख क्षेत्र बनेको छ। त्यसैगरी विकसित मुलुकहरूमा घरेलु श्रमलाई उच्च महत्त्वका साथ लिएको पाइन्छ। यद्यपि यो अझैपनि त्यति धेरै सम्मानित पेशाका रूपमा स्थापित हुने भने सकिरहेको छैन। जे होस्, घरेलु श्रमिकको उपस्थितिले महिलाहरूलाई घर बाहिरको पेसा र क्षेत्रमा सहभागी र क्रियाशील हुने कुरामा विश्वभर नै धेरै योगदान गरेको छ। हाम्रै देशको सन्दर्भमा हेर्ने हो भने पनि महिलालाई घर बाहिरको उत्पादन, सेवामूलक पेसा र अन्य क्षेत्रको काममा सहभागी गराउन घरेलु श्रमिकको महत्त्वपूर्ण भूमिका रहेको छ। यसका आधारमा पनि के बुझ्न सकिन्छ भने, समाजमा यी श्रमिकहरूको महत्त्वपूर्ण योगदान रहेको छ तर यहींनेर अर्को तितो वास्तविकता पनि छ। स्वयम् ती महिला वा पुरुषहरूले समेत घरेलु श्रमिकको त्यो महत्त्वपूर्ण योगदान स्वीकार गर्न सकेको पाइँदैन। अनि समाज र राज्यले पनि उनीहरूलाई श्रमिकको रुपमा स्वीकार गर्न नसकेको तथ्यलाई पनि यहाँनेर उल्लेख गर्नैपर्छ। घरेलु श्रमिकको समस्या हाम्रो समाजमा खुला गोप्य (ओपन सेक्रेट) सत्यका रूपमा रहेको छ।

**प्र.नं. ९ (२०७०) 'C'** १०

**तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

कुनैपनि आन्दोलनलाई मार्ग दर्शन गर्न निश्चित विचार, सिद्धान्त र प्रतिबद्धताको आवश्यकता पर्दछ। अहिले महिला अधिकार र समानताका लागि हिंसा र अशान्ति होइन, सम्झौताको आन्दोलनबाट समाधान खोज्नुपर्दछ। महिलमामाथि नकारात्मक रुपमा पारिएको सामाजिक प्रभावलाई परिवर्तन गराउनु पर्छ। प्रत्येक महिलाले आफूमाथि परेको अन्याय र अत्याचार र शोषणबाट आफ्नो हक, अधिकार र कर्तव्यप्रति सचेत हुने अभियानमा महिला मात्र होइन, पुरुष पनि सामेल भएर सहयोग गर्नु आवश्यक छ। पुरुष र महिला दुबै पक्षको सहयोग र सद्भावबाट मात्र नारीवादी आन्दोलन सबल ढंगले अगाडि बढाउन सकिन्छ। जसरी विश्वको कुनै पनि आन्दोलन पनि आन्दोलन नारी सहभागिताबिना सफल भएको छैन, त्यसैगरी महिला अधिकार र समानताको आन्दोलन पनि पुरुषको सहभागिताबिना सफल हुन गारो हुन्छ। महिलाहरू आफैं उत्पीडनको सिकार भएका हुन्छन्। उनीहरूले अत्याचार र शोषणको भुक्तमान सहेका हुन्छन् भने पुरुषहरूले महिलामाथि परेको त्यो शोषण अनुभूत गरेका हुन्छन् तर त्यो शोषण र भुक्तमानका कारक पुरुषहरू होइनन्।

Question Bank Nepal

त्यसको कारक भनेको हाम्रो सामाजिक संरचना हो, जसका अधारमा मूल्य र मानयताहरू निर्धारित भएका छन् । समाजले महिला र पुरुषलाई लैङ्गिक विभेदका नाममा उनीहरूलाई जिम्मेवारी र दायित्व पनि फरक फरक बनाइदिएको छ, जसले महिलाहरूमाथि सधैँ गलत प्रभाव पारिरहेको छ तर नारीवादी आन्दोलन भनेर आज पूर्वीय र पाश्चात्य जगत्मा प्रशस्त भनाइहरू सुन्ने गरिन्छ र नारीवादलाई भिन्न भिन्न रूपमा बुझ्दै र बुझाउँदै आएको पनि पाइन्छ।

<u>प्रश्नहरू :</u>

क) आन्दोलनलाई अगाडि बढाउन के को आवश्यकता पर्दछ ?

ख) 'नारीवाद' लाई कसरी बुझ्न सकिन्छ ?

ग) नारीवादी आन्दोलनका लागि पुरुषको सहयोग किन आवश्यक छ ?

घ) महिलामाथि गलत प्रभाव पार्ने कुरा के के हुन् ?

ङ) 'समानता' र 'लैङ्गिक विभेद' शब्दको अर्थ लेख्नुहोस्।

**प्र.नं. १० (२०६९) पूरक परीक्षा** ५

**तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिपोट गर्नुहोस् :**

उपनयन संस्कारपछि द्विजहरूले शिक्षा प्राप्त गर्नु अनिवार्य थियो तर अरु वर्णलाई पनि पढ्नमा रोकटोक थिएन । पहिले समाजका चारै वर्ण – ब्राम्हण, क्षत्रीय, वैश्य, शुद्र एवम् बालिकाहरूको पनि उपनयन हुन्थ्यो । उपनयनको अर्थ हो सुशिक्षित र सभ्य बनाउनका लागि गुरुको नजिकमा जानु अर्थात् यस संस्कारपछि बाबुआमाले आफ्ना छोराछोरीलाई विद्या आर्जनका लागि गुरुको संरक्षणमा पठाउँथे । पच्चीस वर्षका आयुसम्म ब्राह्मचर्य व्रत पालन गरी अनुशासित बिताएर उनी शिक्षा प्राप्त गर्दथे । गुरुले भावी जीवनमा आवश्यक पर्ने अनेक गुण र सिपद्वारा आफ्ना शिष्यलाई सम्पन्न बनाउँथे । नम्रता, गुण, सिक्नका लागि प्रत्येक दिन सबेरै उठेर ब्राह्मचारी भिक्षाटनमा जानु पर्थ्यो । दिउँसो गुरुको काम सघाएर पढ्न चाहने विद्यार्थीहरूलाई गुरुले बिहान बेलुका शिक्षा दिन्थे । यसरी गुरुको घरमा सेवारत भएर पढ्ने शिक्षा पद्धतिलाई गुरुकुल भनिन्थ्यो । यही गुरुकुल पद्धति नै हालका स्कुल, महाविद्यालय आदिको प्रारम्भिक स्वरुप हो भने हुन्छ । पढाई पुरा गरेपछि समावर्तन (दीक्षान्त) को आयोजना हुन्थ्यो । समर्थ मात्र यस अवसरमा गुरुलाई गुरु दक्षिणा दिई गुरुकुलबाट विदा भई घर फिर्थे । ब्रह्माचर्य आश्रममा ऋषिऋण चुक्ता गरेर यी ब्रह्मचारीहरू गुरुको आदेशले गृहस्थाश्रममा प्रवेश गर्न सक्थे ।

**प्र.नं. ९ (२०६९) पूरक परीक्षा** १०

**तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

भारत र तिब्बतसँग नेपालको व्यावसायिक, सामाजिक, सांस्कृतिक र धार्मिक सम्बन्ध हजारौं वर्ष अघिदेखि चल्दै आएको हो । बुद्धकै समयदेखि व्यापारीहरूका जमात नेपाल भारत आवत जावत गरेका प्रमाण बौद्ध साहित्य र कौटिल्यको अर्थशास्त्रले दिएका छन् । विभिन्न देशका जनताको आवागमनले भाषिम माध्यमको विस्तार हुँदै गयो । बुद्ध कालतिरै संस्कृत र त्यसका अपभ्रंस पाली, बज्जी, मागधी, हिन्दी, कुमाउनी, गढवाली, अवधी, भोजपुरी, मैथिली, बंगाली आदि भाषा संस्कृतबाटै बनेका हुन् । संस्कृत मूलका हुनाले यी भाषा एक अर्का समूहले चाँडै सिकेर परस्पर विचारको आदानप्रदान गर्न सक्छन् । नेपाली भाषाको पुर्ख्यौली खोज्दै जाँदा कर्नाली प्रदेशमा विकसित हुँदै आएको खस भाषासम्म पुगिन्छ । जुन भाषा विभिन्न जाति, जनजातिको सामञ्जस्यबाट दसौं शताब्दितिर विकासको विशिष्ट चरणमा पुग्यो । त्यसबेला देखि जुम्लाको सिन्जा राज्य विस्तारित हुँदै केदारदेखि काठमाण्डौसम्म फैलिने क्रममा त्यस भाषाले पनि त्यसरी विस्तारित भएका क्षेत्रका अनेक जात जातिका बिचमा फैलिने अवसर पनि भेट्टायो र समय समयमा राजकीय भाषाको रूप पनि लियो । त्यसै भाषा ग्रन्थ, अभिलेख लेखिँदै गए । त्यहाँका बासिन्दाहरू पूर्वतिर फैलिने क्रममा वाग्मती, कोसी, मेची हुँदै आसाम, बर्मासम्म पनि पुगे । त्यस अभियानले सिन्जाको अस भाषालाई सिङ्गो नेपाल र त्यसभन्दा पूर्वका पहाडी प्रदेशको समेत सम्पर्क भाषा बन्ने अवसर प्रदान गर्‍यो ।

Question Bank Nepal

प्रश्नहरू :

क) कुन कुन छिमेकीसँग नेपालको कस्तो सम्बन्ध रहँदै आएको छ ?

ख) संस्कृत स्रोतबाट विकसित भएका भाषा कुन कुन हुन् ?

ग) नेपाली भाषा कसरी विस्तारित हुँदै आयो ?

घ) नेपाली भाषालाई सम्पर्क भाषा बन्ने अवसर कसरी प्राप्त भयो ?

ङ) 'अभिलेख' र 'पुर्ख्यौली' शब्दको अर्थ लेख्नुहोस्।

प्र.नं. १० (२०६९) ५

**तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिपोट गर्नुहोस् :**

नेपाली राष्ट्रियता कुनै एउटा जाति विशेष, कुनै शक्तिशाली राजा वा लोकप्रिय नेताको बलले स्थापित र विकसित भएको होइन। हाम्रो भूमिले प्रचुर प्राकृतिक सम्पदा, जैविक विविधता, समशीतोष्ण जलवायु र पूर्वी गोलार्द्धको मध्य विन्दूका कारण भौगोलिक विविधता जस्ता विशेषता बोकेको छ। भूगोलको नक्सामा चारैतिरबाट स्केलले नाप्नोस् – हाम्रो देश एसिया, अफ्रिका, युरोप र अष्ट्रेलियाको ठिक मध्य भागमा विश्वको सबभन्दा अग्लो गजुर सगरमाथाको शिर ठाडो पारेर सानदार ढङ्गले उभिएको छ। हाम्रो पूर्वतिर मंगोल संसार छ हेर्नोस्, एकै खाले अनुहार। पश्चिमतिर हेर्नोस्, – चुच्चो नाके गोरो संसार, नैऋत्य र आग्नेयमा श्याम वर्णको निग्रो जगत्। दक्षिणतिर हेर्नोस्, – द्रविड भूमि। एउटै सानो देशमा चारै प्रजातिको बहुरङ्गी, सदावहार प्रदर्शनी देखाउँछौँ हामी। माघको जाडोमा आउनुहुन्छ भने तराईको न्यानो लुम्बिनी र जनकपुर आदिमा स्वागत गर्छौं। गर्मीमा पाल्नुहुन्छ भने माछापुच्छ्रे र सगरमाथाको शीतल काखमा सेवा गर्छौं। अरु जुनसुकै मौसममा आउनुहोस्, महाभारत र चुरेका बस्ती र नगरहरूमा सर्वत्र स्वागत छ।

प्र.नं. ९ (२०६९) १०

**तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

मानिसका मनमा सङ्गीतमय भावनाहरूको ज्वार भाषाको माध्यम अँगाली बग्यो भने त्यो कविता हुन्छ। त्यसैले कविताका तीन केन्द्रिय तत्त्व हुन् : भावना, सङ्गीत र भाषा। साहित्यका कविता बाहेकका गद्य जस्ता विधामा पनि मानव भावना र भाषाको संयोग हुने गर्दछ तर त्यहाँ सङ्गीत अपेक्षित हुँदैन। गद्य विधाका कथा, उपन्यास आदिले छोटो वा लामो कथाको आधार लिई जीवनका भावनालाई व्यक्त गर्दछन् भने नाटकले भावनाको नाटकीकरणलाई नै मुख्य रूपमा अँगाल्छ। कविताले भने लयात्मक सङ्गीत वा अलिकति उन्मुक्त गद्य सङ्गीतको आधारमा नलिई सुख छैन। त्यसैले साहित्यका अरू विधाबाट कवितालाई छुट्याउने आधारमा यसले अँगाल्ने मानवीय हृदयको सङ्गीतमय धारा नै हो। यो धारा ज्यादा नियमित भयो भने छन्द बन्दछ अनि ज्यादा मुक्त रह्यो भने गद्य कविता। तर छन्दोबद्ध कविता वा पद्यमा पनि लयात्मक अनुशासन मात्र हुँदैन। यसमा पनि सङ्गीतका स्वतन्त्र सम्भावनाहरू रहिरहन्छन्, किन्तु कम मात्रामा। त्यस्तै गद्य कविताको मुक्त सङ्गीतमा पनि लयात्मक अनुशासनका न्यूनतम तत्त्व रही रहन्छन्। अन्यथा त्यो गद्य कविता नभई बिलकुल गद्य बन्न पुग्दछ। त्यसैले एउटाले धेरथोर अनुशासन र कम स्वतन्त्रतामा आफ्नो उच्च लयात्मकताको बिन्दु भेट्दछ भने अर्काले कम अनुशासन र बढी मुक्तताको परिधिमा सङ्गीतको अर्को सफलताको शिखरमा अन्वेषण गर्दछ। कविताको आदि रुप गीत थियो र त्यो सङ्गीत प्रधान रह्यो। गीतकै कोखबाट जन्मिएको कविता शिशुले क्रमशः सङ्गीतलाई साध्यको सट्टा साधन बनाई भावनाको सूक्ष्म यात्रामा कलाका नयाँ आयामहरू खोज्यो भने गद्य कविताको यस लामो यात्रामा गद्य र पद्यका आँधमा गद्य कविताको नयाँ सीमान्त प्रदेशको आविष्कार भयो। यस प्रदेशमा सङ्गीत अझ गौण भई रहि नै रहेको छ तर भावनाका ज्वारमा यसले कविताका कलात्मक नयाँ सम्भावनाहरू खोज्दै छ।

प्रश्नहरू :

१. कविता भनेको के हो ? र यसलाई अरू विधाबाट के ले अलग पार्दछ ?

Question Bank Nepal

२. गद्य र पद्य कवितामा लयात्मक सङ्गीतका दृष्टिले के फरक पाइन्छ ?

३. गीत र पद्यमा के अन्तर रहेको छ ?

४. गद्य कविताको आविष्कार कसरी भयो ?

**प्र.नं. १० (२०६८)** ५

**तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिपोट गर्नुहोस्।**

शिरताजको रुपमा हिमरत्नले सजिएको राष्ट्र नेपाल आफ्नो अनुपम प्राकृतिक तथा सांस्कृतिक सम्पदाका कारण पर्यटन उद्योगका लागि सशक्त भूमि बन्न सक्ने देखिन्छ। यद्यपि प्रचार प्रसार बिना यस उद्योगको भविष्य अँध्यारोतिर धकेलिन सक्ने यथार्थलाई पनि नकार्न सकिन्न। तसर्थ पर्यटन प्रबर्द्धनका लागि देशका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक एवम् विभिन्न नेपाली कला कौशल झल्काउने खालका स्तरीय पोस्टर एवम् पत्रपत्रिका विश्वभर फैलाउनु पदर्छ। यसका साथै पर्यटन स्वयम् पनि प्रचार प्रसारको सबल माध्यम बन्न सक्ने यथार्थका आधारमा उनीहरूको सन्तुष्टि नै पर्यटन उद्योगको सफल सम्भावनाका लागि प्रथम भरोसा मान्न सकिन्छ। यसका लागि सेवा भावनाले प्रेरित हुदैं होटलहरूको शुल्कभन्दा सुविधालाई ध्यानमा राखेर गुणात्मक कार्य सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ। त्यस्तैगरी निजी क्षेत्रमा सञ्चालित नेपालमा ट्रावल एजेन्सी र ट्रेकिङ व्यवसायीहरूले पनि स्वस्थ प्रतिस्पर्धाका साथ आफ्नो उद्यमशीलता बढाउनुपर्ने देखिन्छ। यसका साथै पर्यटन विकासमा यातायातको भूमिका पनि निकै महत्त्वपूर्ण मानिन्छ। नेपाल भूपरिवेष्ठित मुलुक भएकाले यो देश जलयातायातको सुविधाबाट वञ्चित छ। यही तथ्यलाई हृदयङ्गम गरी हामीले पर्यटन प्रवर्द्धनका लागि वर्तमान मानव जीवनको महत्त्वपूर्ण आधार यातायातको प्रबन्ध सुव्यस्थित र सङ्गठित रूपबाट गर्नु अनिवार्य हुन्छ। यिनै कुरालाई साकार रूप दिन नेपालले पनि केही समयका अन्तरालमा "नेपाल भ्रमण वर्ष" को आयोजना गर्दै आएको छ।

**प्र.नं. ९ (२०६८)** १०

**तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्।**

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन्। मध्य पश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन, नवलपुर उपत्यका, काठमाडौं उपत्यका, सिन्धुली माडी उपत्यका र अरु नदी किनाराका अनेक उपत्यका छन्। भूगर्भवेत्ता विद्वान्हरूको भनाइअनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिव अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो। सम्भवतः यी सबै उपत्यकाको पानी त्यसपछि खुल्यो होला। पानी बगेर गएपछि यहाँ जङ्गल भयो होला र जीवजन्तु पनि आफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भएको हुनुपर्छ। त्यसपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो होला। पहिले मानवको जीवन पर्यावरणीय भए पनि पछि केही स्थिर हुँदै गयो। आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषण युगको क्रममा थियो। तर इसापूर्व सात हजारदेखि पाँचहजार वर्षतिर आएर आफ्नो जीवन नवपाषण युगमा पुऱ्यायो। यस समयमा मानवले कृषिकर्म अपनाउन थालिसकेको थियो।

प्रश्नहरू :

क) नेपालका उपत्यकाहरूमा कति वर्ष पहिले जङ्गल उत्पन्न भएको थियो ?

ख) आदि मानव यी उपत्यकामा पस्नुअघि यहाँ कस्तो वातावरण थियो ?

ग) मानवले पर्यावरणीय जीवन विताउनुको कारण को हो ?

घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुनसक्छ ?

ङ) "भूगर्भबेत्ता" र "पाषण युग" को अर्थ के हो ?

❑❑❑

Question Bank Nepal

# ३ | व्यवहारिक लेखन खण्ड

<u>प्र.नं. १३ (२०७०) 'D'</u> १०

तल दिइएका मध्ये कुनै **एक** शिर्षकमा निबन्ध लेख्नुहोस्।

(क) मेरो जीवनको लक्ष्य

(ख) देश विकासमा सञ्चार क्षेत्रको भूमिका

(ग) लोडसेडिङले नेपाली जनजीवनमा पारेको असर

<u>प्र.नं. १२ (२०७०) 'D'</u> ५

लालुपाते युवा क्लबले आयोजना गरेको कविता गोष्ठिका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस्।

वा

'बढ्दो महिला हिंसा' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस्।

<u>प्र.नं. ११ (२०७०) 'D'</u> ५

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस्।

(क) स्थानीय पुस्तक व्यवसायीले कक्षा एघार र बाह्रका निम्ति आवश्यक पाठ्यपुस्तक मगाउन साझा प्रकाशनलाई लेख्ने व्यावसायिक पत्रको नमुना तयार पार्नुहोस्।

(ख) प्राविधिक गडबडीका कारण तीनदिनसम्म टेलिफोन सेवा अवरुद्ध हुने विषयलाई समेटी नेपाल टेलिकमले तयार पार्ने एउटा सूचना लेख्नुहोस्।

<u>प्र.नं. १३ (२०७०) 'C'</u> १०

कुनै **एक** शिर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस्।

(क) मेरो जीवनको उद्देश्य

(ख) देश विकासमा युवाहरूको भूमिका

(ग) शान्ति, समृद्धि र विकास

<u>प्र.नं. १२ (२०७०) 'C'</u> ५

आफूले गरेको कुनै एक भ्रमणको विषयलाई समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस्।

वा

'बढ्दो महंगी' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस्।

<u>प्र.नं. ११ (२०७०) 'C'</u> ५

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस्।

(क) तपाइँको गाउँघरमा बढीरहेको फोहोरमैलाको प्रदूषणले पार्नसक्ने असरलाई रोक्नका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै स्थानीय पत्रिकामा सम्पादकलाई चिठी लेख्नुहोस्।

(ख) वार्षिकोत्सव कार्यक्रममा शिक्षक-विद्यार्थीलाई अनिवार्य उपस्थित हुनका निम्ति आह्वान गर्दै चन्द्रोदय उच्च माध्यमिक विद्यालयका तर्फबाट प्रकाशित गरिने सूचनाको नमुना तयार पार्नुहोस्।

<u>प्र.नं. १३ (२०६९) पूरक परीक्षा</u> १०

कुनै **एक** विषयमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस्।

(क) व्यावसायिक शिक्षा : आजको आवश्यकता

(ख) गणतन्त्रपछिको नेपाल

(ग) मेरो देश, मेरो भविष्य

Question Bank Nepal

**प्र.नं. १२ (२०६९) पूरक परीक्षा** ५

विद्यालयद्वारा आयोजित वनभोजमा आफ्नो संलग्नताको अनुभव समेटी १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस्।

***अथवा***

'महंगीले जनतालाई पारेको असर' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस्।

**प्र.नं. ११ (२०६९) पूरक परीक्षा** ५

कुनै **एक** प्रश्नको उत्तर लेख्नुहोस्।

(क) आफूले घर बनाएको टोलमा विद्युत् लाइनको व्यवस्था गरिदिन अनुरोध गर्दै स्थानीय विद्युत प्राधिकरण एकाइलाई सम्बोधन गरी एक निवेदन लेख्नुहोस्।

(ख) कक्षा ११ वार्षिक परीक्षाका निम्ति परीक्षा आवेदन फर्म भर्न तपाईंको उच्च माध्यमिक विद्यालयको विद्यार्थीहरूलाई गर्ने सूचनाको नमुना तयार गर्नुहोस्।

**प्र.नं. १३ (२०६९)** १०

तल दिइएका कुनै **एक** शीर्षकमा निबन्ध लेख्नुहोस्।

(क) मेरो रमाइलो यात्रा

(ख) नेपाल : सुन्दर, शान्त र विशाल

(ग) देश विकासमा महिला सहभागिता

**प्र.नं. १२ (२०६९)** ५

नेपाल पर्यटन वर्षका अवसरमा पर्यटकहरूलाई आकर्षित गर्ने उद्देश्यले तपाईंको सहरमा सम्पन्न भएको सांस्कृतिक कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस्।

***अथवा***

'सहरी क्षेत्रमा बढ्दो अपराध' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस्।

**प्र.नं. ११ (२०६९)** ५

कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :

(क) तपाईंको गाउँघरमा वर्षायाममा बाढीबाट हुनसक्ने क्षतिलाई रोक्नका लागि कुनै पहल नहुँदा त्यसबाट पैदा हुने समस्यातर्फ सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनका निम्ति स्थानीय पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस्।

(ख) सगरमाथा बिक्रि भण्डारले उत्पादन गरेका स्वादिलो बिस्कुटको बिक्रि प्रवर्द्धन गर्ने उद्देश्यले प्रसारित गर्नुपर्ने विज्ञापनको नमुना तयार पार्नुहोस्।

**प्र.नं. १३ (२०६८)** १०

तल दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस्।

क) हाम्रा पाहुना: पर्यटक

ख) मैले चाहेको नयाँ नेपाल

ग) सामाजिक उत्थानमा महिलाको भूमिका

**प्र.नं. १२ (२०६८)** ५

आफ्नो विद्यालयमा सम्पन्न वार्षिकोत्सव कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार गर्नुहोस्।

*(मान्नुहोस् : तपाईंको नाम आदित्य हो र तपाईंको विद्यालयको नाम तिलिचो उच्च माध्यमिक विद्यालय, नेपाल नगर हो।*

***अथवा***

"शिक्षित युवाको विदेश पलायन" शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस्।

**प्र.नं. ११ (२०६८)**

(क) आफ्नो जिल्लाबाट पठनपाठनका लागि काठमाडौं आएका विद्यार्थीहरूको वनभोज कार्यक्रमका लागि आयोजनका तर्फबाट निकालिने एउटा सूचनाका नमुना तयार पानुहोस्।

(ख) आफ्नो घरामा खानेपानीको पाइप जडान गरिदिन अनुरोध गर्दै स्थानीय खानेपानी कार्यालयलाई सम्बोधन गरी एउटा निवेदन लेख्नुहोस्।

□□□



Question Bank Nepal

## (क) उपन्यास

**प्र.नं. १४ (२०६९)** ५+५= १०

**'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्।**

शिवनारान गइसकेपछि अष्टनारानले माहिला छोरा पुननारानलाई भने– "तिमी पनि आफ्नो काममा जाऊ पुननारान ! घर बनाउने काम अब धेरै दिन छैन, बर्षात् सुरु भएपछि घर बनाउनेहरू कमै हुन्छन्। जाऊ, मलाई कुरिरहनु पर्दैन। आफ्नो कामबाट डटि रहू, यहि तिम्रो परम् कर्तव्य हो।"

"हात खुट्टा बलियो भएपछि काम भनेको सँधै पाइन्छ बा ! तर छोराछोरीको निम्ति बाबु सँधै पाइ रहिन्न। बा को सेवा गर्न पाएपछि त्यस्ता काम लाख आउँछन्।" पुननारानले भने। अलि हाँसेर अष्टनारानले भने – "लाटा ! सँधै नपाइने हुनाले नै मैले भनेको, त्यस्ता कुरालाई कुरि रहेर सँधै पाइने कुरा नगुमाऊ। के तिमीहरूले कुरीरहेर मलाई एक चिहान मात्र पनि बद्ता बचाउन सक्छौ? कदापि सक्तैनौं। हामीहरूको यही नचाहिँदो बढ्दा मायामोहले नै उन्नति हुन नसकेको हो।"

प्रश्नहरू :

क) माथि पहिलो र तेस्रो अनुच्छेदमा अष्टनारानलाई के कस्ता बाबुका रुपमा उभ्याइएको छ ?

ख) "छोराछोरीका निम्ति बाबु सँधै पाइ रहिन्न" भन्ने पुननारानको भनाईको समर्थन गर्दै आफ्नो प्रतिक्रिया लेख्नुहोस्।

**प्र.नं. १४ (२०६८)** ५+५= १०

**"एक चिहान" उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्।**

के त ? यसको माने के यही हो: किसानका छोरा कोही होइनन् ? किसान केही होइन ? त्यसमा मनुष्यत्त्व केही छैन ? शिवनारानले पनि अलि दह्रो भएर जवाफ दिए। "किसान राजा हुन्, सम्राट हुन्, देउता हुन्, परमात्मा हुन्।" व्यङ्ग्य भावमा रामबहादुले भने – "किसान माथि व्यङ्ग्य हानेर तपाईं यस्तो उपेक्षित कुरा नगर्नु होला रामजबहादुजी तपाईंलाई म यो पनि बताइदिन चाहन्छु –एक चोटिलाई मैले क्षमा गरेको छु। किसान अरु केही थोक नभए तापनि तपाईंको अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिइरहने एउटा त्यागी र तपस्वी जाति हो। अझ यो भन्दा पनि बढ्ता तपाईंलाई पाउन चाहनुहुन्छ भने पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबैभन्दा ठूलो किसान हो, जसलाई तपाईं ईश्वर भन्न चाहनुहुन्छ कि, परमेश्वर अथवा जे भन्नोस्।" बडो गर्वसाथ शिवनारानले भने।

प्रश्नहरू :

क) माथिको गद्यांशमा आएको रामबहादुर कस्तो पात्र हो ? उपन्यासका आधारमा स्पष्ट पार्नुहोस्।

ख) उपर्युक्त गद्यांशका आधारमा किसान जातिको महत्व र तिनमा आएको क्रान्तिचेतनाको विश्लेषण गर्नुहोस्।

## (ख) कविता

**प्र.नं. १५ क (२०७०) 'D'**

**तलको कवितांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनुहोस्।**

तिमी मेरो उत्पीडन बुझ्दैनौ
म तिम्रो उत्पीडन बुझ्छु
आऊ आज हामी उत्पीडनहरू साटासाट गरौँ
हामी मानसिकताको एकाकार होऔँ
हामी एक अर्काबिना बाँच्न सक्ने प्राणी होइनौँ

Question Bank Nepal

म तिम्रो हात दह्रो गरी समाउँछु
तिमी मलाई तिमी पुगेको ठाउँसम्मै पुऱ्याऊ
त्यहाँ, जहाँ तिमीलाई मैले
सभ्यताको आदि कालमा पुऱ्याइसकेकी थिएँ।

प्रश्नहरू :

१. यस कवितांशमा 'तिमी' र 'म' ले कस कसलाई संकेत गरेका छन् ?
२. 'तिमी मेरो उत्पीडन बुझ्दैनौं' भनी कसलाई भनिएको हो ?
३. उत्पीडनहरू किन साटासाट गरिनुपर्दछ ?
४. नारी र पुरुष बिचको सहयात्रा किन आवश्यक छ ?
५. 'तिमीलाई मैले सभ्यताको आदिकालमा पुऱ्याइ सकेकी थिएँ' भन्नुको तात्पर्य के हो ?

**प्र.नं. १५ क (२०७०) 'C'**

**तलको कवितांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनुहोस्।**

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौंला संसार सन्झ्यालैमा नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे।

प्रश्नहरू :

१. तराईलाई सुनको टुक्रा र हिमाललाई हिरा किन भनिएको हो ?
२. माटो र पानी कसरी पहिलो धन हुन सक्छ ?
३. यहाँ धर्तीको छोरा भनेर कसलाई भन्न खोजिएको हो ?
४. सन्झ्यालबाट संसारलाई हेर्नुको तात्पर्य के हो ?
५. नेपाल नरहे नेपाली किन रहदैनौं ?

**प्र.नं. १५ क (२०६९) पूरक परीक्षा,**

**तलको कवितांश पढी सोधिएका प्रश्नहरूको एक वा दुई छोटो दिनुहोस्।**

जहाँ,
हिउँ परेको रातमा
जुन, धरतीलाई भेट्न
हिमकणहरूका साथमा
मुस्कुराउँदै ओरोलो झर्छ
र धरतीलाई सर्वाङ्ग हाँसेको पाएर
झन बढी मुस्कुराएर
आकाशमा फर्कने गर्छ।

प्रश्नहरू :

१. उक्त कवितांशमा कस्तो प्राकृतिक परिवेशको वयान गरिएको छ।
२. उक्त अंशमा जुनको कस्तो क्रियाकलापको चित्रण छ ?
३. जुन कित बढी मुस्कुराएर आकाशमा फर्कने गर्छ ?
४. धरतीलाई सवाङ्ग हाँसेको भन्नुको तात्पर्य के हो ?
५. यस अंशको मुख्य आशय के हो ?

**प्र.नं. १५ क (२०६९)**

**तलको कवितांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनुहोस्।**

म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु,
म तिमीहरूको सामूहिक बलात्कार खेपेर बाँच्न सक्छु

Question Bank Nepal

तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेको छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भधारणको अतिशय पट्यार लाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसव कालको सीमातीत कष्ट भोग्नु पर्दैन।

प्रश्नहरू :

१. माथिको कवितांशको पहिलो पङ्क्तिमार्फत् कविले के भन्न चाहेकी हुन् ?
२. यहाँ नारीका के कस्ता समस्या प्रस्तुत गरिएका छन् ?
३. 'तिमी' ले नभोगेका कुराका माध्यमबाट कविले भन्न खाजेका कुराहरू के के हुन् ?
४. सामूहिक बलात्कार, रजस्वला, अस्मिता, गर्भधारण र प्रसव अवस्थाका कारण नै महिलाहरूलाई पछि पारिएको हो ? आफ्नो छोटो तर्क लेख्नुहोस्।
५. माथिको कवितांशको मुख्य आशय के हो ?

प्र.नं. १५ क (२०६८)

**तलको कवितांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्।**

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ।

प्रश्नहरू :

१. यस कवितांशमा कस्तो वातावरण चित्रण छ ?
२. 'हरियो फरिया' भनेको के हो ? र त्यो कसले लगाएको छ ?
३. हिमालले ढाड सेकेको हुन्छ" भन्नुको तात्पर्य के हो ?
४. मनले सपनामा पाइला टेक्नु भनेको के हो ?
५. यस कवितांशमा देशभक्तिपूर्ण भाव कसरी अभिव्यक्त भएको छ ?

## (ग) कथा

५

प्र.नं. १६ (२०७०) 'D'

'दुनियामा शत्रु नभएको मान्छे कोही हुँदैन' भन्ने भनाइप्रति तपाइँको प्रतिक्रिया लेख्नुहोस्।

प्र.नं. १५ ख (२०७०) 'D'

**तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्।**

यसरी दिनरातको पहिरो र हावाको डरमा बाँचेर, दुई एकर जमिनको माटोमा वर्षमा दुई चोटी पल्टाएर जीविका गर्ने मेलो परिवारको हत्या हो।

प्रश्नहरू :

१. यो भनाइ कसको हो ?
२. के कुरालाई परिवारको हत्या भनिएको हो ?
३. यस उद्धरणले जीवनको कुन अवस्थाको चित्रण गरेको छ ?
४. यस भनाइभन्दा लगत्तै अघिको कथा सन्दर्भ के हो ?
५. यस भनाइपछि कथामा कुन सन्दर्भ आएको छ ?

Question Bank Nepal

**प्र.नं. १५ ख (२०७०) 'C'**

**तलको कथांश पढी सोधिएका प्रश्नको एक, दुई वाक्यमा उत्तर दिनुहोस्।**

यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिले काहिँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ। अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौं। माटोको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ।

प्रश्नहरू :

१. के गरेको भए झगडा हुँदैनथ्यो ?
२. झगडा भो भन्दैमा किन धर्म छाड्नु हुँदैन ?
३. अमृ रोपेको ठाउँमा बिष फल्दैन भनेको के हो ?
४. 'संसार भरैभरमा अडेको छ' भन्नुको आत्पर्य के हो ?
५. यो भनांइ कसले कुन सन्दर्भमा भनेको हो ?

**प्र.नं. १६ (२०६९) पूरक परीक्षा**

शत्रु हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन? 'शत्रु' कथाका आधारमा आफ्नो प्रक्रियाता लेख्नुहोस्।

**प्र.नं. १५ ख (२०६९) पूरक परीक्षा**

**तलको कथांश पढी सोधिएका प्रश्नइरूको उत्तर दिनुहोस्।**

अहँ, दिनरातको पहिरो र हावाको डरमा बाँचेर, दुई एकर जमिनको माटोमा वर्षमा दुई चोटी पल्याएर जीविका गर्ने मेलो परिवारको हत्या हो। बेचि दिन्छु। दुवै माउ गाई र कोरलीहरू सब सोहोमोहो दाम मिलाएर। बारी पनि बेचि दिन्छु। घरको टिन र काठपात, गोठको पनि। सब बेचि दिन्छु। पाँच छ रुपैयाँको सानो कोठा लिएर पनि बजारैमा बस्छु।

प्रश्नहरू :

१. उक्त अंश कसले कुन प्रसङ्गमा भनेको हो ?
२. उक्त अंशमा कुन कुरालाई परिवारको हत्या भनिएको हो ?
३. उक्त अंशमा कस्तो डरको कुरा गरिएको छ ?
३. उक्त अंशका पात्रले बजारमा बस्ने चाँजो कसरी मिलाउन खोजेको छ ?
४. तपाईंलाई उक्त अंशको पात्रको बजारमा बस्ने विचार कस्तो लाग्छ ? कारण सहित राय दिनुहोस्।

**प्र.नं. १५ ख (२०६९)**

**तलको कथांश पढी सोधिएका प्रश्नको एक, दुई वाक्यमा उत्तर दिनुहोस्।**

"इस्, छिमेकी ! अष्टि चौतारामा भन्नैले मारेठ्यो, ठा पाउलास्।"

"यस्तै हो मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिले काहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ। अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौं ? माटोको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ। यो भरको ताँदो छिन्ने वित्तिकै सबै भताभुङ्ग हुन्छ।"

प्रश्नहरू :

१. माथिका भनाई कस-कसका हुन् ?
२. झगडा नहुने कारण के हुन सक्छ ? प्रष्ट पार्नुहोस्।
३. माथिको पहिलो भनाइमा वक्ताको कस्तो आशय प्रकट भएको छ ?
४. संसार कसरी भरैभरमा अडेको छ ? आफ्नो छोटो तर्कद्वारा पुष्टि गर्नुहोस्।
५. "एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ" भन्नाको खास तात्पर्य के हो ?

Question Bank Nepal

प्र.नं. १५ ख (२०६८)

तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्।

के रुपियाँको लोभ देखाउँछौ साहु, गरिब छु, निमेकमजदुरीले छाक टार्नु पर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यतिसारो निच भएको छैन। छिमेकीलाई जिउँदाको जन्ती मर्दाको मलामी भन्छन्। यस्ता बेलामा चटक्क छाडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठम्ती छौँ र रुपियाँको धाक देखाउँछौ। धनजितेका झैं चार दिन अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ।"

प्रश्नहरू :

१. यो भनाइ कसको हो ?
२. यस उद्धरणको सन्दर्भ के हो ?
३. "पैसाका निम्ति आत्मा बेच्न त्यतिसारे निच भएको छैन" भन्नुको तात्पर्य के हो ?
४. "अन्न त पानी भएर लडनु परे थाहा पाउने थियौ" भनेर के कुरा थाहा दिन खोजिएको छ ?
५. यस अनुच्छेदमा छिमेकीमा हुनुपर्ने के कस्ता गुण देखाइएका छन् ?

## (घ) निबन्ध

प्र.नं. १५ ग (२०७०) 'D'

**तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्।**

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको भ्यालखानाभित्र डुबि रहन नदिई सामाजिक क्षेत्रमा समेत हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन्।

प्रश्नहरू :

१. 'नारीलाइ नरकको मूल ढोका नठान्ने' भन्नुको तात्पर्य के हो ?
२. आधुनिक युवाहरूमा स्त्री पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?
३. माथिको सन्दर्भबाट नेपाली समाजको कस्तो तस्विर प्रस्तुत भएको छ ?
४. लेखकको नारीसम्बन्धी मान्यता कस्तो रहेको छ ?
५. नारीहरूलाई किन घर नाउँको भ्यालखानाभित्र डुबि रहन दिनु हुँदैन ?

प्र.नं. १५ ग (२०७०) 'C'

**तलको निबन्धांश पढी सोधिएका प्रश्नको एक दुई वाक्यमा उत्तर दिनुहोस्।**

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको भ्यालखानाभित्र डुबि रहन नदिई सामाजिक क्षेत्रमा समेत हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन्।

प्रश्नहरू :

१. 'नारीलाइ नरकको मूल ढोका नठान्ने' भन्नुको आशय के हो ?
२. स्त्री र पुरुषको बराबर हक किन आवश्यक छ ?
३. पछौटे देशका आइमाईको स्थिति कस्तो रहेको छ ?
४. स्त्री र पुरुषका विषयमा युवाहरूको कस्तो दृष्टिकोण रहेको छ ?
५. यहाँ लेखकले नारी सम्बन्धी कस्तो मान्यता राखेका छन् ?

प्र.नं. १५ ग (२०६९) पूरक परीक्षा

**तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्।**

नोटको भाए बढेको भएतापनि आजकल भलाद्मीपन सस्तो मोलमा पाइन्छ। भलाद्मीपनलाई सूचीकार र मारवाडीले बिक्री गरिरहेछन्। तिमी भलादमी बन्न चाहन्छौ भने सिधासाधा मानिसको

Question Bank Nepal

कोरापनलाई दर्जीकहाँ गएर काँटछाँट गरि माग। दुई चार रुपैयाँ बढाई देऊ, तब तिमी कुँदिएको पानीदार हिरा बन्दछौ, छाँट मिलेको कोट पहिरेर एक छरितो छडी घुमाएर डिकमा टल्कने जुत्ताको चुरुमचुरुम आवाजमा फूर्तिलो कदम बढाऊ तब गल्लीको कुकुरले पनि तिमीलाई चिन्दछ। तिम्रो भलादमीपन स्वीकार गरेर तिमी उपर भुक्न आउँदैन। चोरीको शंकाले सम्बोधन गर्नु भलादमीको अपमान हो भन्ने उसले पनि जानेको छ।

प्रश्नहरू :

१. भलाद्मीपन किन सस्तो मोलमा पाइन्छ ?
२. कुँदिएको पानीदार हिरा बन्न के गर्नुपर्छ ?
३. कस्तो मानिसलाई गल्लीको कुकुरले पनि चिन्दछ ?
४. उक्त अंशले कस्तो मानिसलाई भलादमी भनेको छ ?
५. उक्त अंशमा मानिसको कस्तो प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ?

**प्र.नं. १५ ग (२०६९)**

**तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्।**

आकर्षण शक्तिको सिद्धान्त भलाद्मी उपर घट्दछ। भलाद्मीको नजिकमा एउटा नदेखिने चुम्बकले तान्दछ। जबसम्म तिमी भलाद्मीहरूको छायाँमा रहन्छौँ तबसम्म तिमी आफूलाई मानिस भन्नमा दोधारमा रहन्छौँ। तिम्रो आदर या प्रशंसा उनका तर्फ खिचिएको हुन्छ। उनका गफलाई तिमी सफेद सत्य भनी ठान्दछौँ। फेरि उनीहरूको मोहनीबाट पचास गज दूर नभईकन तिमीलाई साँचो कुरा झल्किँदैन। अझ यस्तो शक्तिले स्त्री जातिको उपर ज्यादा काम गर्दछ। आकर्षण शक्तिको नियम अनुसार भिन्न वस्तुहरू परस्पर खिचिन्छन्।

प्रश्नहरू :

१. माथिको अनुच्छेदमा कसलाई व्यङ्ग्य गरिएको छ ?
२. यहाँ कस्ता भलाद्मीका बारेमा चर्चा गरिएको छ ? पाठका आधारमा स्पष्ट पार्नु होस् ?
३. भलाद्मीका नजिक परेपछि किन मानिसले आफूलाई मानिस ठान्न हिच्किचाउँछ ?
४. भलाद्मीको गफ कति बेला सत्य होइन भन्ने बुझिन्छ ?
५. "आकर्षण शक्तिको नियम अनुसार भिन्न वस्तुहरू परस्पर खिचिन्छन्" भन्नाको तात्पर्य के हो ? छोटो तर्क प्रस्तुत गर्नुहोस्।

**प्र.नं. १५ ग (२०६८)**

**तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्।**

स्वास्नी मान्छेलाई लोग्ने मान्छे र लोग्ने मान्छेलाई स्वास्नी मान्छे साथी बनाउन अप्ठ्यारो पार्ने एउटा ठूलो कारण सिद्धान्तलाई पूजा गर्ने हाम्रो बानी हो अर्थात् हामी सिद्धान्तलाई व्यावहारिक रुप दिने प्रयत्न गर्नुको सट्टा त्यसको खालि गुन गाएर हिँड्छौ। हामी न्यायको महात्म्य गाउँछौँ तर स्वयम् अन्याय गर्नबाट पछि सर्दैनौं। हामी विश्वबन्धुत्व र देशभक्तिको बयान गर्छौं तर खुद मानवताको विपरीत र देश भाँड्ने काम गरी हिँड्छौ। हामी साम्प्रदायिकताको निन्दा गर्छौं, आर्थिक समानता र स्त्री पुरुषको समानताको ओड लिन्छौ तर आफैं साम्प्रदायिक भावना अनुसार चल्छौं। आफैं स्त्री पुरुषको समानता र आर्थिक असमानताको उल्टो हिँड्छौ

प्रश्नहरू :

१. यस निबन्धांशका लेखक के हुन् र निबन्धको शीर्षक के हो ?
२. यहाँ समाजको कुन पक्षप्रति व्यङ्ग्य गरिएको छ ?
३. नारी पुरुष साथी बन्न नसक्नुको मुख्य कारण के हो ?
४. हामी कुन कुन पक्षमा उल्टो यात्रा गर्दै छौं ?
५. हामीमा रहेका दुर्गुणहरू के के हुन् ?

Question Bank Nepal

**प्र.नं. १४ (२०७०) 'D'** ५+५ = १०

**'नालापानीमा' नाटकको तलको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्।**

छोरा, नरो, अझ धैर्य गर, अरुलाई कातँर स्वर नसुना,
जन्मभूमिको लाज बचा, जातिलाई छि: नभना !
मनैं पर्दैछ एक दिन निश्चय दुई दिनकै हो देह भने,
त्यसको ममता छोडी दे अमर यशले देश बना !
दु:खलाई नमान्, अपमान गरी आँसुलाई फिर्ता गरि दे,
तेरो सहनशीलता देखी बल अझ बढ्ला भाई लाखं गुना !
मेरो काखमा जति तैंले तप तप रगत चुहाइस् यो,
उति उति मातृऋण तिर्रें भनी पुत्र बरु सन्तोष मना !

प्रश्नहरू :

(क) 'नालापानीमा' नाटकमा धरतीले नेपाली वीरहरूलाई के कस्तो आह्वान गरेको छ ?

(ख) माथिको नाट्यांशका आधारमा 'नालापानीमा' नाटकमा अभिव्यक्त देशभक्तिको वर्णन गर्नुहोस्।

**प्र.नं. १६ (२०७०) 'C'** ५

'नालापानीमा' नाटकमा नरे कार्कीले देखाएको देशभक्तिको भावना कत्तिको स्वभाविक छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस्।

**प्र.नं. १४ (२०७०) 'C'** ५+५ = १०

**'बौलाहा काजीको सपना' नाटकको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्।**

'तिमीहरूले यतिका पढेको फोस्रो रहेछ, बोक्रे रहेछ। पढ्नु भनेको बुझि राख, मनले सम्झि राख, मानिससित मानिसले कस्तो व्यवहार गर्नुपर्छ त्यो जान्नु हो। घोकी मात्र राख्ने हैन यो, यसलाई यस्तै मौकामा कामले गरि देखाउनुपर्छ।'

'समाजको दु:खको अन्त न कागजमा कोर्दैमा हुँदो रहेछ न बोल्दैमा मात्र। यसका लागि त समाजको जरादेखि नै परिवर्तन गर्नुपर्छ। खोइ फ्रान्सको त्यो उच्च आदर्श, खोइ अमेरिकनहरूको स्वाधीनताको संग्राम ! एक हुरी आयो, सतह सतहमा गोलमाल मच्चियो, फेरि उस्ताको उस्तै, फेरि बाटैमा तिनीहरू अल्मलिए। हब्सीहरू कालाका कालै रहे, गरिबहरू भोकाका भोकै। हिन्दुस्तानमा अछुत अछुतै, स्वार्थ जस्ताको तस्तै।

(क) माथिको पहिलो अनुच्छेदमा शिक्षाका बारेमा कस्तो धारणा व्यक्त भएको छ ? चर्चा गर्नुहोस्।

(ख) माथिको दोस्रो अनुच्छेदमा समाजलाई जरैदेखि परिवर्तन गर्नुपर्छ भन्नुको तात्पर्य के हो ?

**प्र.नं. १४ (२०६९) पूरक परीक्षा**

**'नालापानीमा' एकाङ्कीको तल दिइएको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस्।**

घाइते भो मानिस यो मानिस कहाँ आयो।
मानिसले मानिसबाट स्याहार पनि पायो,
धन्य कहलाऊ खोली हृदयको द्वार,
गुन लाएर मानिसलाई बैगुनी नपार,
कस्तूरीलाई हिमालको शिरमा चर्न देऊ,
नेपालीलाई नेपालको निम्ति मर्न नदेऊ, अब जान देऊ,

प्रश्नहरू :

१. माथिको भनाई कसको हो र यसको मुख्य आशय के हो ?

२. उक्त भनाइबारे अंग्रेजहरूले कस्तो प्रक्रिया व्यक्त गरे ?

**प्र.न. १६ (२०६९)** ५

बिरे पाठशालामा पढ्न जाँदा उसलाई घृणा र तिरस्कार गर्ने सहपाठीहरूको भनाइ तपाईंलाई कस्तो लाग्छ ? 'बहुला काजीको सपना' नाटकका आधारमा आफ्नो प्रतिक्रिया दिनुहोस्।

**प्र.न. १६ (२०६८)**

बौलाहा काजी साँच्चिकै बहुला हो वा होइन, 'बौलाहा काजीको सपना' नाटकका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस्।

❑❑❑

Question Bank Nepal